सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ मंसिर २०८१, आइतबार (1 Dec 2024, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २२४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ठुला दलले सहजीकरण नगर्दा विद्यालय शिक्षा विधेयक संसद्मै अलपत्र

संसद्को शिक्षा समितिका सभापति अम्मरबहादुर थापा भन्छन्- छलफलमा माननीयहरू नै आउनुहुन्न



'कांग्रेस-एमालेबिच बिआरआईमा समझदारी'

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणको पूर्वसन्ध्यामा सत्तारूढ दल कांग्रेस र एमालेबिच चीनद्वारा प्रस्तावित 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)' कार्यान्वयन योजनामा सहमति



प्रधानमन्त्री ओलीले शिलान्यास गरेको दमक बहुप्राविधिक शिक्षालय भवन अलपत्र

(विस्तृत पृष्ठ ३)

चीनबाट अनुदान होइन ऋण लिनुपर्छ



● राजु नेपाल

देशको भूराजनीतिक स्वार्थ गाँसिएका भारत र चीनजस्ता देशबाट हामीले सानातिना कार्यक्रमका लागि थोरै रकमबाहेक अनुदान लिनैहुन्न। हाम्रो जस्तो सुशासन कमजोर भएको मुलुकले त अनुदानभन्दा ऋण नै लिनुपर्छ, किनकि अनुदानमा भन्दा ऋणमा चुहावटको सम्भावना कम हुन्छ, पारदर्शिता बढी हुन्छ। ऋण तिर्नुपर्ने हुँदा आयोजना समयमै सम्पन्न गर्न दबाब हुन्छ।

(पृष्ठ ४)

चोभार बन्दरगाहबाट तीन वर्षमा २ अर्बको आयात, २ करोडको निर्यात



२२ चैत ०७८ देखि सञ्चालनमा आएको काठमाडौंस्थित चोभार सुक्खा बन्दरगाहबाट हालसम्म दुई अर्ब १० करोडबराबरको वस्तु आयात हुँदा निर्यात भने दुई करोडबराबरको मात्रै भएको छ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आफ्नै फैसला उल्ट्याउँदै सरकारी जग्गामा मोहीलाई एक अर्बभन्दा धेरै मुआब्जा दिन सर्वोच्चको परमादेश

सरकारले ४२ वर्षअघि नै अधिग्रहण गरेको जग्गामा मोहीले हालेको मुद्दा २८ वर्षअघि सर्वोच्चले खारेज मात्रै गरेन, पटक-पटक एउटै निवेदन लिएर आएको भन्दै प्रश्नसमेत उठाएको थियो, तर अहिले सर्वोच्चले नै मोहीको पक्षमा परमादेश दिएको छ

● पूर्वउद्योगमन्त्री सोमप्रसाद पाण्डे भन्छन्-

जग्गा हत्याउन ठुलै गिरोह सक्रिय थियो, त्यतिवेला मैले जोगाएको थिएँ



धोबीखोलाको उक्त जग्गा हत्याउन पहिल्यैदेखि ठुलै गिरोह सक्रिय थियो। म मन्त्री हुँदा पनि एउटा गिरोह प्रस्ताव लिएर आएको थियो। तर, म आफैंसमेत सर्वोच्चमा बहस गर्न गएर सो जग्गा जोगाएँ। पछि फेरि अदालतमा मुद्दा पऱ्यो भन्ने सुनें। त्यो सरकारको जग्गा भएकोमा कुनै विवाद छैन। मुआब्जालगायत विषय पहिले नै सर्वोच्चले टुंग्याएको थियो।

● उद्योग मन्त्रालयका प्रवक्ता बाबुराम अधिकारीको जवाफ-

फैसलाबारे बुझेर निर्णय गर्छौं



सेतोपुलस्थित हाम्रो जग्गामा सर्वोच्च अदालतबाट मोहीका पक्षमा फैसला भएको जानकारी औपचारिक रूपमा छैन। मुद्दामा के फैसला आएको रहेछ, बुझेर त्यस विषयमा निर्णय गर्छौं।

नवराज मैनाली/नयाँ पत्रिका

काठमाडौंको सेतोपुलनजिकै रहेको खाली जग्गामा राखिएको बोर्डमा लेखिएको छ, 'उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी भवन निर्माणस्थल।' ०७२ मा तत्कालीन उद्योगमन्त्री सोमप्रसाद पाण्डेले जग्गा खाली गराएर यो बोर्ड राखेका थिए। बोर्ड राखेसँगै सरकारी जग्गाको संरक्षण भएको र अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल बन्नेमा स्थानीय खुसी भए। तर, सर्वोच्च अदालतले प्रक्रिया पूरा नगरी सो जग्गा सरकारले अधिग्रहण गरेको भन्दै

» पृष्ठ २ मा क्रमशः



काठमाडौं महानगरपालिका- ९ सेतोपुलछेउमा रहेको उद्योग मन्त्रालयको नौ रोपनी १४ आना एक पैसा तीन दाम जग्गा। प्रचलित मूल्यअनुसार एक अर्बभन्दा धेरै मूल्य पर्ने उक्त जग्गाको मुआब्जा दिन सर्वोच्चले परमादेश दिएको छ। ०३९ मै प्रक्रिया पूरा गरेर उद्योग मन्त्रालयअन्तर्गत ल्याइएकोमा सर्वोच्चको फैसलासँगै अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी भवन बन्ने काम पनि अलपत्र परेको छ। तस्बिर : नयाँ पत्रिका

■ न्यायाधीशद्वय मल्ल र शर्माको इजलासले उल्ट्यायो फैसला



न्यायाधीश मल्ल न्यायाधीश शर्मा

धोबीखोलास्थित जग्गाको सम्बन्धमा परेको मुद्दा सर्वोच्च अदालतले १० माघ ०५६ मा खारेज मात्र गरेको थिएन, मोहीहरू पटक-पटक एउटै निवेदन लिई आएकोमा पनि प्रश्न उठाइएको थियो। त्यसपछि मोहीहरू तत्कालीन उच्च अदालत पाटन गएका थिए। उनीहरूले थपघट गरी दायर गरेको रिट पुनरावेदनले पनि ८ असार ०७३ मा खारेज गरिदिएको थियो। तर, त्यसविरुद्ध मोहीहरू श्रीकृष्ण महर्जन, चन्द्रमाया महर्जन, विद्यादेवी श्रेष्ठ र शान्ति महर्जन फेरि पुनरावेदन लिएर सर्वोच्च पुगेका थिए। न्यायाधीशद्वय सपना प्रधान मल्ल र विनोद शर्माको इजलासले सर्वोच्चकै २८ वर्ष पुरानो फैसला उल्ट्याउँदै मोहीहरूलाई क्षतिपूर्तिसहित मुआब्जा दिनुपर्ने नयाँ फैसला गरिदियो। १ चैत ८० मै भएको फैसलाको पूर्णपाठ हालसालै आएको हो।

■ ०५६ मै टुंग्याएको मुद्दा, फेरि कसरी दोहोरियो ?

सरकारले ०३९ मै प्रक्रिया पूरा गरेर उक्त जग्गा उद्योग मन्त्रालयअन्तर्गत ल्याएको थियो। त्यसविरुद्ध मोही चन्द्रमाया महर्जनले सर्वोच्चमा रिट दायर गरेकी थिइन्। जुन २० मंसिर ०४४ मा खारेज भएको थियो। पछि फेरि रिट परेकोमा १० माघ ०५६ मा खारेज मात्र भएन, पटक-पटक एउटै निवेदन लिई आएकोमा पनि प्रश्न उठाइएको थियो। जुन फैसलामा भनिएको छ, '... सम्मानित सर्वोच्च अदालतका फैसलाहरूबाट प्रस्तुत विवादको निरूपण भइसकेको देखिएकाले हाल पुनः रिट दायर गर्न विपक्षीलाई हकदैया छैन।'

सर्वोच्चको यो फैसलापछि केही मोहीहरू उच्च गएको देखिन्छ। निवेदकहरू थपघट गरी दायर गरेको रिट पनि पुनरावेदनले ८ असार ०७३ मा खारेज गरिदिएको थियो। तर, त्यसविरुद्ध उनीहरू फेरि पुनरावेदन लिएर सर्वोच्च पुगे। यसरी सर्वोच्चमा दोहोरिएर पुगेको मुद्दामा 'क्षतिपूर्तिसहित मुआब्जा दिनू' भन्ने पछिल्लो फैसला आएको हो। अस्पताल बनाउन अधिग्रहण गरिएको जग्गा फरक प्रयोजनका लागि प्रयोग गर्न लागिएको भन्दै जग्गा फिर्ता गर्नुपर्ने उनीहरूको मुख्य दाबी थियो। तर, सार्वजनिक प्रयोजनकै लागि प्रदर्शनी भवन बनाउन लागिएको जवाफ गृह मन्त्रालयले अदालतमा दिएको थियो।

सेतोपुलका स्थानीयहरू सो जग्गामा ठुलो भूमाफिया समूह सक्रिय रहेको बताउँछन्। सोही कारण पुनरावेदन अदालतमा मुद्दा चलिरहेका बेला स्थानीयले सामूहिक रूपमा देशका चर्चित कानुन व्यवसायीहरूलाई त्यस विषयमा निःशुल्क बहस गराउन लगाएका थिए। रुद्रमती सरोकार समाजबाट यस्तो पहल भएको थियो। स्थानीयसमेत रहेका पूर्वमन्त्री शंकर कोइरालाले त त्यहाँ बनाउने भनिएको प्रदर्शनी भवनको डिजाइनसमेत आफैं बनाएका थिए। पूर्वमुख्यसचिव लीलामणि पौडेलसमेत आफैं सो जग्गाको संरक्षणमा सक्रिय बनेका थिए।

■ क्रिकेट क्रेज



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

त्रिवि क्रिकेट मैदान १२ हजार मात्र दर्शक अटाउने क्षमताको छ। शनिबार जनकपुर बोल्ट्स र विराटनगर किंग्सबीच भएको नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो खेलका सबै टिकट बिहीबार नै 'सोल्ड आउट' भइसकेका थिए। मैदानभित्र खचाखच मात्रै होइन, टिकट नपाएर मैदानबाहिरै रोकिनुपरेका तथा रुखमा चढेर खेल हेरिरहेका दर्शकले नेपालमा बढ्दो क्रिकेट क्रेजलाई प्रमाणित गरे। तर, नेपाल क्रिकेट संघ (क्यान) भिड व्यवस्थापनमा चुक्यो। टिकट नपाएका दर्शकले पूर्वतर्फको गेट नै भत्काएर प्रवेश गर्दा भिडमा च्यापिएर प्रहरीसहित सातजना घाइते भए। विराटनगरसँग जनकपुर आठ विकेटले विजयी भएको छ। एनपिएल विजेतालाई क्यानले एक करोड ११ लाख पुरस्कार घोषणा गरेको छ।

कोशीका मन्त्रीहरूको सम्पत्ति

मुख्यमन्त्री कार्कीको झापा र काठमाडौंमा गरी तीन घर

कृषिमन्त्री खगेनसिंह हाडगामसँग उपहारमा प्राप्त ४५ तोला सुन



हिक्मतकुमार कार्की, मुख्यमन्त्री



खगेनसिंह हाडगाम, कृषिमन्त्री

विराटनगरमा **गणेश लम्साल**

कोशी सरकारका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ। सार्वजनिक विवरणअनुसार मुख्यमन्त्री हिक्मतकुमार कार्कीसँग झापामा दुई र काठमाडौंमा एउटा घर, ६ तोला सुन, १० तोला चाँदी र तलबभत्ताबापतको एक लाख ८१ हजार रुपैयाँ

» पृष्ठ २ मा क्रमशः

कुन मन्त्रीको सम्पत्ति कति ?

- **पर्यटनमन्त्री सदानन्द मण्डल** : तीन करोड १९ लाखको घर, तीन करोड ६० लाख ऋण
- **सामाजिक विकासमन्त्री पाँचकर्ण राई** : भक्तपुरमा आफैंले कमाएको घर
- **खानेपानीमन्त्री एकराज कार्की** : एक करोडभन्दा बढी ऋण
- **भौतिक पूर्वाधारमन्त्री भूपेन्द्र राई** : उदयपुरको १६ स्थानमा जग्गा, १० लाख रुपैयाँ ऋण
- **आर्थिक मामिलामन्त्री रामबहादुर रानामगर** : ६ आना सुन, ३८ लाख ऋण
- **भौतिक पूर्वाधार राज्यमन्त्री भूमिप्रसाद राजवंशी** : २० तोला सुन र १२४ तोला चाँदी, १२ बोरको टोटा बन्दुक

विधेयक महिनौं अलपत्र परेपछि सबै विधायिकी प्रक्रियाको समयसीमा तोक्ने गृहकार्य

प्रतिनिधिसभाका १० मध्ये ६ समितिमा १५ विधेयक विचाराधीन, संघीयता कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण विधेयक नै अलपत्र

कमलराज भट्ट/नयाँ पत्रिका

पाँचवटा विधेयक विचाराधीन रहेको अर्थ समितिको ५ मंसिरमा बोलाइएको बैठक कोरम नपुगेर स्थगित भयो। त्यसअघि २५ कात्तिकमा बोलाइएको बैठकमा विधेयकमाथि छलफल अगाडि बढाउन अर्थमन्त्रीसँग सल्लाह गर्ने तय भएको थियो। असोजयता खासै बैठक राख्न नसकेको समितिमा विधेयकमाथिको छलफल प्राथमिकतामा छैन।

चारवटा विधेयक विचाराधीन रहेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक कोरम पुऱ्याउन नसकेर ३० कात्तिकयता बस्न सकेको छैन। असोजयता दुई-तीनवटा मात्रै बैठक गरेको समितिले विधेयकमा भने ठोस रूपमा छलफल अगाडि बढाउन सकेको छैन।

यीबाहेक अन्य संसदीय समितिका बैठक असोजयता खासै बस्न नै सकेका छैनन्। प्रतिनिधिसभाका १० मध्ये ६ वटा समितिमा १५ वटा विधेयक विचाराधीन छन्। यी समितिमा पाँच वर्ष पुरानोदेखि संघीयता कार्यान्वयनसम्म जोडिएका महत्त्वपूर्ण

» पृष्ठ २ मा क्रमशः



पाँचवटा विधेयक विचाराधीन रहेको अर्थ समितिको पछिल्लो बैठक २५ कात्तिकमा बसेको थियो। त्यसपछि ५ मंसिरमा बोलाइएको बैठक कोरम नपुगेर स्थगित भयो।



चारवटा विधेयक विचाराधीन रहेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक कोरम पुऱ्याउन नसकेर ३० कात्तिकयता बस्न सकेको छैन।

■ विधायिकी कार्यको निश्चित समयसीमा तय गर्ने सरकारको प्रस्तावमा प्रमुख दलहरू सकारात्मक

● **रमेश लेखक**, गृहमन्त्री



हाम्रो विधि निर्माण अत्यन्त कमजोर भएको छ। यदि पाँच वर्षको प्रतिनिधिसभाको कार्यकालमा हामीले बनाउने सम्पूर्ण कानुनको हिसाब निकाल्यौं भने इन्ड अफ डे सुखद देखिनेवाला छैन।

● **श्याम धिमिरे**, कांग्रेस सांसद



०७६ को विधेयक अहिलेसम्म टुंगिएको छैन। समयसीमा तोक्नैपर्ने हुन्छ। तीन महिना हुन्छ वा ६ महिना समयसीमा राखेर त्यति दिनभित्रमा पारित गरेर पठाइसक्ने व्यवस्था गर्नुपर्छ।

● **महेश बर्तौला**, एमाले सांसद



कति समय लाग्छ, निश्चित समय दिनुपर्छ। कार्यकालभर विधेयक नटुंगिने प्रवृत्ति रोक्नुपर्छ। विधेयकको प्रकृति हेरेर आवश्यक समय दिनुपर्छ। किनकि ५० वर्षका लागि कानुन बन्ने हो।

● **हितराज पाण्डे**, माओवादी सांसद



संघीयता कार्यान्वयनसम्बन्धी विधेयकहरू समितिमा आएर बसेको वर्षौं भइसक्यो, अगाडि बढ्दैन। हरेक समितिमा पनि यही कुरा छ। समयसीमा नराखीकन नहुने भयो।

● **सोविता गौतम**, रास्वपा सांसद



समयसीमाभित्र विधेयक टुंग्याउने कुरा अति जरुरी भएको छ। यसो गर्न सके समयमा विधेयकको काम सकिन्छ र समिति हुँदै सदनसम्म कानुन निर्माणको प्रक्रिया छिटो हुन्छ।

■ स्थानीय उपनिर्वाचन

आज मतदान

४१ पद, ३७६ उम्मेदवार, दुई लाख २६ हजार ७९९ मतदाता



● **दिनेशकुमार थपलिया**
प्रमुख निर्वाचन आयुक्त

शनिबार साँझसम्ममा सबै स्थानमा मतदान केन्द्र बनिसकेका छन्। सबै निर्वाचन क्षेत्रमा निर्वाचन सामग्री, कर्मचारी पुगिसकेका छन्, सुरक्षाको व्यवस्था मिलाइसकिएको छ। आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म शान्तिपूर्ण रूपमा मतदान हुने व्यवस्था मिलाइसकिएको छ। मतदान सकिएलगत्तै मतगणना हुनेछ। मतपरिणाम आयोगको वेबसाइटमार्फत अद्यावधिक गरिनेछ।

नयाँ पत्रिका

स्थानीय तह उपनिर्वाचनअन्तर्गत आइतबार ४१ पदका लागि मतदान हुँदै छ। निर्वाचन आयोगका अनुसार बिहान ७ बजेदेखि साँझ ५ मतदान हुनेछ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले मतदान र मतदान सम्पन्न भएसँगै मतगणनासम्मको तयारी पूरा भएको बताए। 'शनिबार साँझसम्ममा सबै स्थानमा मतदान केन्द्र बनिसकेका छन्। सबै निर्वाचन क्षेत्रमा

» पृष्ठ २ मा क्रमशः

आज...

पृष्ठ १ बाट क्रमशः

निर्वाचन सामग्री, कर्मचारी पुगिसकेका छन्, सुरक्षाको व्यवस्था मिलाइसकिएको छ,' उनले भने, 'आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म शान्तिपूर्ण रूपमा मतदान हुने व्यवस्था मिलाइसकिएको छ। मतदान सकिएलगत्तै मतगणना हुनेछ। मतपरिणाम आयोगको वेबसाइटमार्फत अद्यावधिक गरिनेछ।'

आयोगका अनुसार नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष चार र ३३ वडाध्यक्षका लागि मतदान हुनेछ। मतदानका लागि १६२ मतदान स्थल र २९३ मतदान केन्द्र तोकिएका छन्। उपनिर्वाचनका लागि दुई लाख २६ हजार ७९९ मतदाता (१ लाख ११ हजार ८९६ महिला र १एक लाख १४ हजार ९०० पुरुष र तीन अन्य) छन्। दल र स्वतन्त्रका गरी ३७६ उम्मेदवार मैदानमा छन्।



आयोगले मतदाता परिचयपत्र, नागरिकता, राहदानी, सवारीचालक अनुमतिपत्र तथा स्थायी लेखा नम्बर परिचयपत्रका आधारमा मतदान गर्न पाउने व्यवस्था गरेको छ। ज्येष्ठ नागरिक, गर्भवती, फरक क्षमता भएका व्यक्ति, बिरामी, किरियापुत्री र अन्य लिंगीलाई प्राथमिकताका आधारमा मतदान गर्ने व्यवस्था मिलाइएको आयोगले जनाएको छ। आयोग प्रवक्ता नीता पोखरेल अर्यालले सम्बन्धित निर्वाचन क्षेत्रमा बिदाको व्यवस्थासहित आवश्यक निर्देशन दिइएको बताइन्।

मतदानका लागि दुई लाख ५९ हजार मतपत्र र निर्वाचन सामग्री मतदान केन्द्रमा पुगिसकेको आयोगले जनाएको छ। मतपत्रमा सेतो पृष्ठभूमिमा रातो रङका निर्वाचन चिह्न छन्। उम्मेदवारका आधारमा प्रत्येक पदका लागि छुट्टाछुट्टै मतपत्रे डिजाइन गरिएको छ।

सुरुमा आयोगले ४४ स्थानमा उपनिर्वाचनको प्रक्रिया अगाडि बढाएको थियो। २ मंसिरमा मनोनयनका क्रममा एक मात्र उम्मेदवारी परेपछि ओखलढुंगा र कैलाली जिसस प्रमुखमा क्रमशः कांग्रेसका टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भुल) निर्विरोध निर्वाचित बनेका थिए। त्यस्तै, रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिका-२ को वडाध्यक्षमा माओवादीका जगत घर्ती निर्विरोध निर्वाचित बने। तीन स्थानमा निर्विरोध निर्वाचित भएसँगै बाँकी ४१ स्थानका लागि मतदान हुन लागेको हो।

आफ्नै फैसला...

पृष्ठ १ बाट क्रमशः

क्षतिपूर्तिसहित हालको मूल्यअनुसार मुआब्जा दिन परमादेश दिएपछि अन्तर्राष्ट्रिय प्रदर्शनी भवन बनाउने योजनामा धक्का लागेको छ।

४२ वर्षअघि सरकारले अधिग्रहण गरेको यो जग्गामा त्यसयता मुद्दैमुद्दा पर्दै आएको छ। यसअघि सबै मुद्दामा सरकारको पक्षमा फैसला भएकोमा गत १ चैतमा सर्वोच्च अदालतले जग्गाका मोहीको पक्षमा फैसला सुनाएको हो। काठमाडौं महानगरपालिका- ९ मा रहेको नौ रोपनी १४ आना एक पैसा तीन दाममा हालको प्रचलित मूल्यअनुसार मुआब्जा दिन सर्वोच्चले परमादेश दिएको हो। परमादेशअनुसार सो जग्गामा एक अर्बभन्दा धेरै मुआब्जा दिनुपर्ने हुन्छ। जसकारण २०३९ सालमै प्रक्रिया पूरा गरेर उद्योग मन्त्रालयअन्तर्गत ल्याइएको अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी भवन बन्ने काम पनि अलपत्र परेको छ।

१ चैत ०८० मा सर्वोच्च अदालतका न्यायाधीशहरू सपना प्रधान मल्ल र विनोद शर्माको इजलासले मोहीलाई मुआब्जा दिनुपर्ने भनेर गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो। मोहीहरू श्रीकृष्ण महर्जन, चन्द्रमाया महर्जन, विद्यादेवी श्रेष्ठ र शान्ति महर्जनले सर्वोच्च अदालतमा दायर गरेको मुद्दामा फैसलाको पूर्णपाठमा भनिएको छ, 'लामो समयसम्म मुद्दाको विवाद चलेको र मुआब्जा रकमसमेत सोही कारण बुझ्न नपाएको अवस्थासमेतबाट मुआब्जाबापतको उचित क्षतिपूर्तिको रकम निवेदक/पुनरावेदकलाई भराउनुपर्ने देखिन आयो।' तत्कालीन पुनरावेदन अदालतले उनीहरूको रिट खारेज गरेकोमा सो फैसलामा केही उल्टी गर्दै सर्वोच्चले मुआब्जा मात्र नभई क्षतिपूर्तिसमेत दिन भनेको छ। निवेदकले जग्गा नै फिर्ताको माग गरेकोमा त्यसलाई भने सर्वोच्चले अस्वीकार गरेको छ।

उक्त जग्गाको मूल्य हाल त्यस क्षेत्रको दरभाउअनुसार एक अर्ब रुपैयाँभन्दा धेरै हुने उद्योग मन्त्रालयका अधिकारी बताउँछन्। धोबीखोला करिडोरको मूल सडकसँगै जोडिएको जग्गाको मूल्य हाल प्रतिआना नै ६५/७० लाख चलेको छ। फैसलाको विषयमा उद्योग मन्त्रालयका अधिकारीले चासो नराखेपछि स्थानीयले यसमा मन्त्रालयसमेत मिलेको हुन सक्ने आशंका गरेका छन्। मन्त्रालयका प्रवक्ता बाबुराम अधिकारी भने सो फैसलाबारे आफूहरूलाई जानकारी नै नभएको र अब बुझ्ने बताउँछन्।

सो जग्गा हत्याउन लामो समयदेखि केही भूमाफिया सक्रिय रहेको जानकारहरू बताउँछन्। जानकारमध्ये एक पूर्वउद्योगमन्त्री सोमप्रसाद पाण्डे हुन्। आफु मन्त्री हुँदा पनि त्यो समुहले आफुलाई दबाब र प्रभावमा पार्ने काम गरेको उनी सुनाउँछन्। 'म मन्त्री हुँदा पनि एउटा गिरोह प्रस्ताव लिएर आएको थियो, तर म आफैँसमेत सर्वोच्चमा बहस गर्न गएर सो जग्गा जोगाएँ,' उनले भने, 'पछि फेरि अदालतमा मुद्दा पऱ्यो भन्ने सुनेँ, त्यो सरकारको जग्गा भएकोमा कुनै विवाद छैन, मुआब्जालगायत विषय पहिले नै सर्वोच्चले टुंग्याएको थियो।'

के हो विवाद ?

०३९ मा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार उक्त जग्गा अधिग्रहण भएको थियो। त्यति बेला गुठी संस्थान (गुह्येश्वरी पञ्च पर्व भोग गुठी)ले मुआब्जा नबुझेपछि जिल्ला प्रशासन कार्यालयले मोहीहरूलाई मुआब्जा बुझ्न पटक-पटक सूचना जारी गर्दा पनि गएका थिएनन्। गुठी संस्थान जग्गाधनी र निवेदकहरू सो जग्गाका मोही हुन्। यसरी तोकेको समयभित्र मुआब्जा बुझ्न नआएमा त्यसबराबरको रकम सञ्चित कोषमा जम्मा गर्ने प्रावधान जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३७ मा देखिन्छ। सोही प्रक्रिया पूरा गरी जग्गा अधिग्रहण भएको थियो। तर, समयमा पटक-पटक ताकेता गर्दा पनि मोहीहरू मुआब्जा बुझ्न नगएकामा अहिले आएर सर्वोच्च अदालतले उनीहरूलाई क्षतिपूर्तिसहित मुआब्जा बुझ्न भनेको छ।

सरकारले मानसिक अस्पताल बनाउनका लागि उक्त जग्गा अधिग्रहण गरेको थियो। तर, केही स्थानीयको विरोध र ठाउँ पर्याप्त नहुने भएपछि मानसिक अस्पताल पाटनमा स्थापना गरियो। ०३९ मा १८ फागुन र ३० फागुनमा गरी दुई निर्णयबाट जग्गा अधिग्रहण भएको थियो। पछि ५ चैत ०४१ मा उक्त जग्गा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय स्थापनाका लागि दिइएको थियो। उद्योग मन्त्रालयका प्रवक्ता अधिकारीका अनुसार हाल सो समिति खारेज भई समितिको सम्पत्ति मन्त्रालयको नाममा आइसकेको छ।

स्थानीय भन्छन्- जग्गामा ठुलो भूमाफिया समूह सक्रिय छ

सेतोपुलका स्थानीयहरू सो जग्गामा ठुलो भूमाफिया समूह सक्रिय रहेको बताउँछन्। सोही कारण पुनरावेदन अदालतमा मुद्दा चलिरहेका बेला स्थानीयले सामूहिक रूपमा देशका चर्चित कानुन व्यवसायीहरूलाई त्यस विषयमा निःशुल्क बहस गराउन लगाएका थिए। रुद्रमती सरोकार समाजबाट यस्तो पहल भएको थियो। स्थानीयसमेत रहेका पूर्वमन्त्री शंकर कोइरालाले त त्यहाँ बनाउने भनिएको प्रदर्शनी भवनको डिजाइनसमेत आफैँ बनाएका थिए। पूर्वमुख्यसचिव लीलामणि पौडेल समेत आफैँ सो जग्गाको संरक्षणमा सक्रिय बनेका थिए।

रुद्रमती समाजका सदस्य रहेका स्थानीय विष्णु निरौला सर्वोच्चको पछिल्लो फैसलाबाट निरास छन्। उनी भन्छन्- 'धेरै संघर्ष गरेर हामीले सरकारको यो जग्गा जोगाएका हौँ, विगतमै सर्वोच्चबाटै टुंगिएको जग्गाको विवादमा फेरि उही अदालतबाट कसरी मुआब्जा दिने फैसला भयो, थाहा छैन। जग्गा जसरी हुन्छ, सार्वजनिक प्रयोजनका लागि प्रयोग गर्नुपर्छ भन्ने हामीहरूको अडान छ।'

०७२ सालमा महानगरपालिकाको सहयोगमा मन्त्रालयले सो जग्गा खाली गराएर पर्खाल लगाएको थियो। तत्कालीन उद्योगमन्त्री सोमप्रसाद पाण्डे आफैँ पुगेर जग्गामा मन्त्रालयको बोर्ड राखेका थिए। त्यति बेला जग्गा खाली गराएको विरुद्ध उच्च र सर्वोच्चमा मुद्दा परेकोमा सरकारकै पक्षमा फैसला भएको थियो। १७ वैशाख ०७३ मा सर्वोच्चले सो जग्गा सरकारकै भएकाले खाली गराउने कार्य सदर गरेको थियो। हाल सो जग्गा सार्वजनिक पार्किङ बनेको छ। काठमाडौं- ९ का वडाध्यक्ष राजमी भण्डारी आफूलाई थाहा भएदेखि नै सो जग्गा सरकारको भएको र त्यसमा पार्क बनाउनुपर्ने बताउँछन्।

मुख्यमन्त्री...

पृष्ठ १ बाट क्रमशः

मौज्दात रहेको पाइएको छ।

यसैगरी, मुख्यमन्त्री कार्कीको ड्रिमल्यान्ड हाउजिङ कम्पनीमा १० लाखबराबरको एक हजार कित्ता सेयर, सहिद मेमोरियल अस्पताल कलंकीमा एक लाख पाँच हजारबराबरको १५ सय कित्ता सेयर र लिभरपुल एजुकेसन नेटवर्क प्रालिमा श्रीमती अञ्जना पाण्डेको नाममा २१ लाख ३८ हजार लगानी रहेको छ। त्यसैगरी, तीन लाखबराबरको झापा गौरादहमा कृषिफर्म रहेको छ। कार्कीले झापाको गौरादह नगरपालिका १ र ३ मा पैतृक सम्पत्ति बिक्री गरेर दाजु दीपक कार्की र आफ्नो संयुक्त स्वामित्वमा घर निर्माण गरेको सम्पत्ति विवरणमा उल्लेख गरेका छन्। त्यस्तै, ललितपुर महालक्ष्मी नगरपालिका-४ मा श्रीमती अञ्जना कार्कीको नाममा ९० लाख रुपैयाँ एभरेष्ट बैंकबाट ऋण लिएर जम्मा एक करोड ४० लाख रुपैयाँको घर-जग्गाखरिद गरेको उल्लेख गरेका छन्।

सदानन्द मण्डलसँग तीन करोड १९ लाखको घर

पर्यटन वन तथा वतावरणमन्त्री सदानन्द मण्डलको सुनसरीको कोशी गाउँपालिकामा तीन करोड १९ लाखको घर छ। यो उनको पैतृक सम्पत्ति हो। त्यसैगरी, १० तोला सुन, २५ तोला चाँदी, एउटा कृषि फर्म, २० लाख मूल्यबराबरको दुईपांग्रे सवारीसाधन, ५० हजार मूल्यबराबरका चौपाया आफूसँग रहेको उनले उल्लेख गरेका छन्। तीन करोड ६० लाख रुपैयाँ ऋण रहेको पनि उनको सम्पत्ति विवरणमा उल्लेख छ।

कृषि सहकारी तथा उद्योगमन्त्री खगेनसिंह हाङ्गामको ताप्लेजुङ मरिङदेन गाउँपालिका र सिरिजंगा गाउँपालिका - ४ मा जम्मा नौ कित्ता पैतृक जमिन, उपहारका रूपमा प्राप्त भएको ४५ तोला सुन र २० तोला चाँदी रहेको छ। यसैगरी, सेवा-सुविधाबापतको बैंकमा नगद एक लाख ५० हजार मौज्दात, ३० लाखबराबरको विभिन्न हाइड्रोपावरमा सेयर रहेको छ। तीन लाख २० हजार बराबरको एक स्कुटर र एक पल्सर बाइक उनको सम्पत्तिका रूपमा रहेको छ। उनले सम्पत्ति विवरणमा उल्लेख गरेअनुसार २५ लाखबराबर विभिन्न बैंक र वित्तीय संस्थामा ऋण रहेको छ।

सामाजिक विकासमन्त्री पाँचकर्ण राईको खोटाङमा ६ रोपनी जग्गामा पुष्र्यौंली घर, ६ रोपनी बारी र ६० रोपनी खेत, अनि भक्तपुरमा आफैँले कमाएको एउटा घर रहेको छ। उनीसँग नगद २० हजार र १० तोला सुन रहेको छ भने दुई वटा बैंक र एउटा हाइड्रोपावरमा सेयर रहेको छ। सवारीसाधनको नाममा एउटा स्कुटी र एउटा मोटरसाइकल रहेको छ।

खानेपानी सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीको झापाको विर्तामोड नगरपालिका ७ र २ र बिर्तामोड गरामनीमा कुल नौ कित्ता जग्गा, साढे १० तोला सुन र पन्ध्र तोला चाँदी अनि बैंकमा एक लाख २५ हजार, वित्तीय संस्थामा ५५ हजार नगद मौज्दात र एउटा दुईपांग्रे सवारी रहेको छ। मन्त्री कार्कीले सार्वजनिक गरेको सम्पत्ति विवरणमा उनको करोडभन्दा बढी ऋण रहेको छ।

विना विभागीय राज्यमन्त्री सिर्जना राईको भोजपुर नगरपालिका र टेम्केमैयुङ गापामादुई कित्ताजग्गा, डेढ तोलाको सुनको सिक्री, एक तोलाको तिलहरी, एक तोलाको जन्तर, आधातोलाको सुनको औँठी र २५ तोलाचाँदी रहेको छ। उनले विभिन्न बैंकहरूबाट ५५ लाखभन्दा बढी ऋण लिएको जनाएकी छिन्।

आर्थिक मामिलामन्त्री रामबहादुर राना मगरसँग इलामको देउमाई नगरपालिका मंगलबारेमा विभिन्न ठाउँमा गरेर आठ कित्ता जग्गा छ। त्यस्तै, उनीसँग ६ आना सुन छ। दाइजोमा श्रीमतीले पाएको पाँच तोला सुन गहना पनि उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन्। चिया कम्पनीमा एक लाखबराबरको सेयर, फर्निचर उद्योगमा १२ लाखबराबरको सेयर र सहकारी संस्थामा २० हजार बराबरको सेयर रहेको सम्पत्ति विवरणमा उल्लेख छ। चौपायाको हकमा एउटा गाई र पाँचवटा बाख्रा रहेका छन्। सार्वजनिक सम्पत्ति विवरणअनुसार मन्त्री मगरको कृषि विकास बैंकमा ३५ लाख र सहकारीमा तीन लाख ५० हजार ऋण रहेको छ।

भौतिक पूर्वाधार मन्त्री भूपेन्द्र राईको खोटाङमा माटोले बनेको टिनको छाना भएको दुईवटा घर र जग्गा, खोटाङकै दिप्रुङ र चुइचम्पा दिक्तेल र उदयपुरको त्रियुगामा पैतृक सम्पत्तिका रूपमा १६ स्थानमा जग्गा रहेको छ। यसैगरी, कागती फर्म, जडीबुटी फर्म र श्रीमतीले सञ्चालन गरेको आइएमई सेवासमेत सम्पत्तिको रूपमा रहेको छ। श्रीमती सेयर खरिद-बिक्रीमा सक्रिय रहेको र गैरसरकारी संस्थासमेत सञ्चालन गरिरहेको उनले जनाएका छन्। उनको एउटा सेन्ट्रो कार र श्रीमतीको एउटा स्कुटी रहेको छ। मन्त्री राईले विभिन्न व्यक्तिहरूबाट १० लाख रुपैयाँ ऋण लिएको विवरणमा उल्लेख गरेका छन्।

भौतिक पूर्वाधार राज्यमन्त्री भूमिप्रसाद राजवंशीको झापाको कचनकबल- ३ मा चार हजार दुई सय ६५ वर्गमिटरको पैतृक जग्गा, कचनकबल-३ मै विभिन्न नौ कित्ता जग्गा र श्रीमतीको नाममा पनि जग्गा रहेको छ। उनीसँग २० तोला सुन र १२४ तोलाचाँदी रहेको छ। विभिन्न बैंकहरूमा ३१ लाख बराबर नगद मौज्दात रहेको छ। यसबाहेक उनको एउटा मोटरसाइकल र एउटा माछापोखरी रहेको छ। साथै, बुबाबाट नामसारी भइ आएको १२ बोरको टोटा बन्दुक पनि रहेको छ।

विधेयक महिनौं...

पृष्ठ १ बाट क्रमशः

विधेयक अड्किएका छन्। समितिहरूले कोरमलाई कारण देखाए पनि सांसदहरू विधायिकी कार्यभन्दा पनि पार्टी राजनीति र निर्वाचन क्षेत्रकेन्द्रित हुँदा मिनी संसद्बाट विधायिकी प्रक्रिया अत्यन्त ढिलो भइरहेको छ। समितिहरूले विधेयक लामो समय अड्काएर बस्दा कानुन निर्माण सुस्त छ। जसको असर सेवा प्रवाहदेखि परिवर्तित व्यवस्थामै प्रश्न उठाउनेसम्म पुगिरहेको छ।

संविधानले राष्ट्रिय सभामा विधायिकी कार्यलाई निश्चित समयसीमाभित्र बाँधेको छ। संविधानको धारा १११ (५)ले राष्ट्रिय सभामा दुई महिनाभित्र विधायिकी कार्य टुंग्याउनुपर्ने समयसीमा दिएको छ। सर्तसहित दिएको समय ख्याल गर्दै राष्ट्रिय सभाले विधायिकी कार्यहरू धमाधम अगाडि बढाइरहेको छ। अभ्यासमै हेर्दा राष्ट्रिय सभामा विधेयकहरू रोकिएका छैनन्।

तर, तल्लो सदन प्रतिनिधिसभामा दुई-तीन वर्षसम्मै विधेयक अड्किने गरेका छन्। अघिल्लो कार्यकालमा लामो समय विधेयक अड्किने र कार्यकाल सकिएपछि विधेयक नै निष्क्रिय हुने अवस्था रह्यो। अहिले कार्यकालको दुई वर्ष बितिसक्दा पनि विधेयकको प्रगति निराशाजनक छ। यसको गुनासो सरकारले समितिमै गरेको छ र सांसदहरूको गैरजिम्मेवारीपनलाई नियममा बाँध्ने प्रस्ताव अघि सारेको छ।

३० कात्तिकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक २०७६ को दफावार छलफलका क्रममा गृहमन्त्री रमेश लेखकले विधि निर्माण अत्यन्त कमजोर रहेको भन्दै असन्तुष्टि जनाए। 'हाम्रो विधि निर्माण अत्यन्त कमजोर भएको छ। यदि पाँच वर्षको प्रतिनिधिसभाको कार्यकालमा हामीले बनाउने सम्पूर्ण कानुनको हिसाब निकाल्यौं भने इन्ड अफ डे सुखद देखिनेवाला छैन,' मन्त्री लेखकले भनेका थिए।

त्यसो त सरकारले आवश्यक विधेयक समयमा संसद्मा पुऱ्याउन सकेको छैन। त्यसमाथि संसद्मा पुगेका विधेयक कानुनका रूपमा निष्कर्षमा पुग्न झनै ढिला हुने गरेको मन्त्री लेखकको भनाइ थियो।

अख्तियारसम्बन्धी विधेयकमा संशोधन प्रस्ताव राखेका सांसदले मन्त्रीकै अगाडि १८ महिनापछि आकस्मिक रूपमा छलफलमा बोलाउँदा संशोधन प्रस्ताव नै बिर्सिसकेको गुनासो गरेका थिए। कांग्रेसका अर्जुननरसिंह केसी, रास्वपाकी सुमना श्रेष्ठलगायतले समितिको ढिलासुस्ती उजागर गरेपछि दफावार छलफलमा उपस्थित गृहमन्त्री लेखकले चर्को असन्तुष्टि जनाएका थिए।

'यो ०७६ सालको विधेयक हो। ०८१ सालमा हामी छलफल गर्दै छौं। यो जवाफ दिनुपर्छ कि पर्दैन ?' उनले समितिलाई नै प्रश्न गरे, 'त्यो पनि भ्रष्टाचार नियन्त्रणसम्बन्धी विधेयक हो। र, भ्रष्टाचार नियन्त्रण गर्ने संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सम्बन्धित छ।'

मन्त्री लेखकले कुनै विधेयक कुनै सदनमा निश्चित अवधिभित्र यदि परिमार्जन गरेर फर्किएन भने मूल रूपमै फर्किने संविधानिक व्यवस्था रहेको स्मरण गराउँदै समितिको ढिलासुस्ती लापरबाहीलाई पनि नियमभित्र राख्न जरुरी भएको बताए। मन्त्री लेखकले विधेयकका निर्धारित सबै चरणलाई अब समयमा बाँध्न प्रस्ताव गरे। समितिमा आएको विधेयक कति दिनमा सकाउने भन्ने मोडालिटी संसद्ले नै टुंगो लगाउनुपर्ने उनको प्रस्ताव थियो। 'ढिलो नहुने उपायको खोजी गरौं, यसमा जानैपर्छ। संसद्को ध्यान जानुपर्छ,' उनले भने।

विधायिकी चरणको समयसीमा तोक्ने सरकारी प्रस्तावमा दलहरू पनि तयार छन्। कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले समितिमा वर्षौं विधेयक अड्किँदा संसद्कै मर्यादामाथि प्रश्न खडा भएको भन्दै समयसीमा तोक्नैपर्ने बताए। '०७६ को विधेयक अहिलेसम्म टुंगिएको छैन। पाँचौं वर्षसम्म सदनमा अल्झिँदा असाध्यै अप्ठ्यारो अवस्था सिर्जना भएको छ। समयसीमा तोक्नैपर्ने हुन्छ। तीन महिना हुन्छ वा ६ महिना समयसीमा राखेर त्यति दिनभित्रमा पारित गरेर पठाइसक्ने व्यवस्था गर्नुपर्छ,' उनले भने।

एमाले प्रमुख सचेतक महेशकुमार बर्तौलाले समितिहरूले विधेयकहरू वर्षौं अड्काउने र प्रतिवेदन नदिने प्रवृत्ति बढिरहेको भन्दै ढिलो गरेर विधेयक फिर्ता नगर्ने प्रवृत्ति अन्त्य गर्न निश्चित समयसीमा तोक्नुपर्ने बताए। संसद् र समितिमा लामो समय विधेयक अड्किँदा समग्र संसद्कै गरिमामा प्रश्न उठेको र सांसदहरू तलब-भत्ता मात्रै खान्छन् भन्ने सन्देश प्रवाह भएको भन्दै बर्तौलाले थपे, 'कति समय लाग्छ, निश्चित समय दिनुपर्छ। कार्यकालभर विधेयक नटुंगिने कुरालाई दायरामा राख्नुपर्छ।' उनले भने, 'यद्यपि, विधेयकको प्रकृति हेरेर आवश्यक समयचाहिँ दिनुपर्छ। किनकि ५० वर्षका लागि कानुन बन्ने हो।'

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले समितिलाई नियमको परिधिमा बाँध्ने विषय आफूले धेरै पहिलेदेखि नै उठाउँदै आएको बताए। 'हामीले पहिलेदेखि नै यो विषय राखेको हो। नियमावली बनाउँदा नै कानुनमै ठोस ठोस व्यवस्था नगर्ने हो भने कार्यान्वयनमा जाँदैन भनेको हो,' उनले भने, 'संघीयता कार्यान्वयनसम्बन्धी विधेयकहरू निजामती, शिक्षालगायत समितिमा आएर बसेको वर्षौं भइसक्यो, अगाडि बढ्दैन। मेरो समितिमा पनि यही कुरा छ। समयसीमा नराखीकन नहुने भयो।' पाण्डेले समितिको कार्यतालिका पनि बनाउनुपर्ने बताए। समयमा सीमाबद्ध र जिम्मेवारीबोधबाटै कानुन निर्माणलाई गति दिनुपर्ने उनको भनाइ थियो।

रास्वपा सांसद सोविता गौतमले संसदीय समितिले समयसीमाभित्र विधेयक टुंग्याउने कुरा अति जरुरी भएको बताइन्। 'विधेयक समितिमा आइसकेपछि निश्चित समयभित्र टुंग्याउनु एकदम ठिक हो। यसले समयमा विधेयक सकिन्छ, कानुन निर्माणको प्रक्रिया छिटो हुन्छ,' उनले भनिन्। सांसद गौतमले विधेयकमा सरकारको पनि प्राथमिकीकरण हुनुपर्ने र अब नियमावली संशोधन गर्दा अभ्यासका क्रममा देखिएका अन्य व्यवस्थालाई पनि सम्बोधन गर्नुपर्ने पनि बताइन्।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
जलस्रोत तथा सिँचाइ विभाग
भैरहवा लुम्बिनी भूमिगत जल सिँचाइ व्यवस्थापन कार्यालय
सिद्धार्थनगर न.पा. ५, अञ्चलपुर, रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशिन मिति : २०८१/०८/१६

यस कार्यालयको मिति २०८१/०७/०४ गते आइतबार PPMO web portal www.bolpatra.gov.np/egp र नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको सूचना अनुसार मिति २०८१/०८/०४ गते दिनको १२:०० बजे सम्म पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को (२) बमोजिम स्वीकृतिको आशयको लागि सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	सफल बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु (विमा र भ्याट सहित)
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-01	Kalika Drilling Pvt. Ltd., Bharatpur, Chitwan, Nepal	74,04,717.57
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-02	Asha Construction, Janaki-3, Banke	40,74,876.23
BLGWIMO/TMGWIP/NCB/DTW/081/82-03	Kalika Drilling Pvt. Ltd., Bharatpur, Chitwan, Nepal	72,25,073.51

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायत व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
दमौली, तनहुँ

बोलपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/१६

यस कार्यालयबाट मिति २०८१/०६/२२ मा प्रकाशित बोलपत्र आव्हान गर्ने सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रदाताहरुमध्य न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएका तल उल्लेखित बोलपत्रदाताहरु स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं	ठेक्काको नाम	बोलपत्रदाता को नाम	कबोल अंक (With VAT and PS)
1.	IDO/TANAHUN/NCB/W/16/081-082	Upgrading of Sindhumarga Kipatbata Kumalgau Sera samma sadak, Vyas-5, Tanahun	Sapkota Nirman Sewa, Vyas-04, Tanahun	23,31,197.54
2.	IDO/TANAHUN/NCB/W/17/081-082	Upgrading of Lakebesi Tol Baikunthedada Bhagarko Sathi Pani Factory & Resort jane Bato Myagde, Tanahun	Bijendra Construction and Suppliers, Shuklagandaki-4, Tanahun	20,55,878.69
3.	IDO/TANAHUN/NCB/W/18/081-082	Myagde Ghumti Chowk Hudai Min Mavi Tharpu Jodne Sadak Starunnati, Myagde Rural Municipality-7, Tanahun	Harishanti Construction Vyas -2, Tanahun	32,40,295.60
4.	IDO/TANAHUN/NCB/W/19/081-082	Upgrading Of Teenkhole Motor Marga Suklagandaki, Tanahun	B.A.C.T. Construction, Suklagandaki-7, Tanahun	27,21,051.03
5.	IDO/TANAHUN/NCB/W/20/081-082	Upgrading of Bhaludada Road, Shuklagandaki-10, Tanahun	B.& B. Construction Pokhara-21, Kaski	24,70,419.92
6.	IDO/TANAHUN/NCB/W/21/081-082	Upgrading Of Kusunde Dharampani motarmarga Bhimad, Tanahun	Bijendra Construction and Suppliers, Milan Tol, Tanahun	37,05,639.95
7.	IDO/TANAHUN/NCB/W/22/081-082	Upgrading Of Manechauka Khalte Raipali Bhangjyang Road	Resham & Gauli Construction, Pyuthan	25,58,367.66
8.	IDO/TANAHUN/NCB/W/23/081-082	Upgrading of Rastriya Bibhuti Amarsingh Road, Bhanu-06, Tanahun	Bestway Engineering Pvt. Ltd., Sanepa-2, Lalitpur	21,46,549.89
9.	IDO/TANAHUN/NCB/W/25/081-082	Upgrading of Chandrawati-Aahale-Mirlungkot Paryatan Road, Bhanu, Tanahun	Tarakeshwor Construction Pvt. Ltd., Tarakeswar-02, Nuwakot	22,84,011.00
10.	IDO/TANAHUN/NCB/W/26/081-082	Upgrading Of Bageshwori Motar Marga, Tanahun	Belu Nirman Sewa, Damauli, Tanahun	33,39,717.52
11.	IDO/TANAHUN/NCB/W/27/081-082	Upgrading of Chambas Chokalitar Sakhuli Kanle Road, Bhanu, Tanahun	Belu Nirman Sewa, Damauli, Tanahun	23,83,247.71
12.	IDO/TANAHUN/NCB/W/28/081-082	Upgrading of Tanahun Bageswori margama parney karnabahadur g.c ko gharko purba patti ra manahari bhattarai gharko paschim pattibata track kholi milantar jodney sadak, Vyas 11, Tanahun	Zeta Engineering and Civil Construction Services Pvt. Ltd., Chandragiri-09, Kathmandu	21,54,676.85
13.	IDO/TANAHUN/NCB/W/29/081-082	Upgrading of Gaunsewa Kosh Motormarga Oda Karyalay Jodne Road (Vented Causeway)	Tarakeshwor Construction Pvt. Ltd., Tarakeswar-02, Nuwakot	23,36,209.66
14.	IDO/TANAHUN/NCB/W/30/081-082	Upgrading of Kalika Sahid Marga (Vyas-7 satrasaya dekhi oda no 8 hudai sahid gau kulibhanjyang lauribisauney sadak), Tanahun	C.C.S Engineering Pvt. Ltd., Belkotgadhi-08, Nuwakot	22,87,541.12
15.	IDO/TANAHUN/NCB/W/32/081-082	Upgrading Of Khahare Ekta Tamu Samaj Bhawan Kalamata Hudai Gauriphant Road, Tanahun	Anjel Construction Vyas-11, Tanahun	28,83,114.40

Adanchuli Rural Municipality
Office of Rural Executive
Shreengar, Humla
Karnali Province, Nepal

Inivation for Bids, Notice No : ARM/NCB/W02/081/82

Date Of Publication:- 2081-08-16 (2024-12-01AD)

1. Adanchuli Rural Municipality Office Shreenagar Humla invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

S. No	Contract ID. No	Description of Work	Estimated Amount (Without Vat, Contingency And PS)	Bid Security Amount (NRs)	Bidding Document Fee(NRs)	Bid Validity /Bid Security validity period	Last Date And Time of Bid Submission	Date And Place of Bid Opening
1.	ARM/NCB/W02/081/82	Makai Gadabanna Dalibasti Road Maintenance Project	44,99,072.79	1,12,500.00	3000.00	90 days/120 days from the last date of bid submission	2081/09/16 BS (2024-12-31 AD) 12:00 Noon Online	2081/09/16 BS (2024-12- 31 AD) 1:00 PM ARM Office

2. Account No. for Bid document Purchese

Bank	Office Name	Revenue Account Number	Office Code
Global IME Bank	Adanchuli Rural Municipality, Shreenagar Humla	Ga.1.1 Aantarik Rajaswo Khata Aanchuli 27204010000009	80664501

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

ठुला दलले सहजीकरण नगर्दा विद्यालय शिक्षा विधेयक संसद्मै अलपत्र

संसद्को शिक्षा समितिका सभापति अम्मरबहादुर थापा भन्छन्- छलफलमा माननीयहरू नै आउनुहुन्न



● **नैनसिंह महर**, प्रमुख, शिक्षा विभाग, कांग्रेस

शिक्षासँग पछिल्लोपटक भएका सम्झौताहरूको बुँदाको वरिपरिबाट समाधान निकाल्नुपर्छ, यो विधेयकमा हाम्रो पार्टीको मुख्य धारणा विधेयक छिटो पास गर्नुपर्छ भन्ने नै हो । शिक्षा समिति र संसदीय समितिमा रहेका सांसदबिच पनि छलफल भएको छ, यसको फाइनल निष्कर्ष कसरी निकाल्ने भन्नेबारे छलफल भइरहेका पनि छन्, शिक्षकसँग पछिल्लो समय सरकारले गरेको सम्झौतालाई आधार मानेर विधेयक टुंग्याउन हामी सहमत छौँ ।



● **पार्वती रावल**, प्रमुख शिक्षा विभाग, एमाले

निःशुल्क शिक्षा र अनिवार्य शिक्षा भन्ने, तर पैसा लिने विषयलाई कानुनमा स्पष्ट पारिनुपर्छ, स्थानीय तहलाई कस्तो अधिकार दिने, निजीको लगानीको पारदर्शिता, प्रधानाध्यापक छनोटको विषय, विव्यसको अधिकार, वडाध्यक्षको अधिकार, जिल्ला शिक्षा कार्यालय ब्युँताउने विषय, राहत शिक्षक व्यवस्थापनलगायत विषय हाम्रा लागि बटमलाइन हुन्, यी विषय क्लियर गरेर जानुपर्छ ।



● **मायाप्रसाद शर्मा**, प्रमुख, शिक्षा विभाग, माओवादी

यो विधेयक छिटो अघि बढाउनुपर्छ, हामी अड्काउने अवस्थामा छैनौँ, तर त्यसमा प्रस्ताव र संशोधनअनुसार गृहकार्य हुनुपर्छ । अब विशेष गरी प्राविधिक शिक्षामा जोड दिने गरी कानुन बन्नुपर्छ, निःशुल्क शिक्षाको कुरा व्यावहारिक हुनुपर्छ, विधेयक केलाएरै हेर्ने हो भने धेरै कुरा हामीले सोचेभन्दा फरक छ, तर हामी विधेयक अडकाउने र अल्झाउने अवस्थामा छैनौँ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

एक वर्षअघि नै संसद्मा दर्ता भएको विद्यालय शिक्षा विधेयक झन्झन् जटिल र पेचिलो बन्दै गएको छ । प्रमुख दलहरूले विधेयकमाथि असहमति जनाउँदै दर्जनौँ संशोधन प्रस्ताव राखेका कारण यो विधेयक कठिन बन्दै गइरहेको हो ।



प्रमुख दलहरूले नै संशोधनमा सहजीकरण नगरिदिँदा विधेयक टुंगोमा पुर्‍याउन कठिन हुने देखिएको छ । हालसम्म १७४ जना सांसदले एक हजार सात सयभन्दा बढी संशोधन प्रस्ताव हालेका छन् । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विधेयकमाथि संशोधन हाल्ने संशोधनकर्तासँगको अन्तिम छलफल ४ असोजमा सकाएको थियो । समितिका सभापति अम्मरबहादुर थापाले विद्यालय शिक्षा विधेयकमा ठुला दलहरूका धेरै असहमति भएकाले ती दलहरूका राजनीतिक प्रतिबद्धताविना विधेयक अघि बढाउन नसकिने अवस्था रहेको जानकारी दिए । 'विधेयक अघि बढाउन ठुला दलहरूको प्रतिबद्धता चाहिन्छ, उहाँहरू पनि तेरो-मेरो नभनी यो विधेयक छिटो सकाउनुपर्छ भनेर कस्सिनुपर्छ, समितिले मात्रै एक्लै यसलाई टुंगोमा पुर्‍याउन सक्दैन,' उनले भने, 'अब यस विधेयकमा हिउँदे अधिवेशनमा मात्रै छलफल हुन्छ ।' उनले समितिले अबका बैठकहरूमा बढी ध्यान यही विधेयकमै दिने दाबीसमेत गरे । समितिमा एक वर्षअघि नै पेस भएको विधेयकले एक चरण भने पार गरेको छ । संसद्को बोल्ने र प्रश्न तथा सुझाव लिने काम सकिएको छ । अब सम्बद्ध सरोकारवालाहरूसँग छलफल गरिनेछ भने एकपटक प्रदेश तह र प्रमुख दलहरूसँग छलफल गर्ने समितिको तयारी छ । विद्यालय शिक्षालाई एकीकरण गर्न बनेको विद्यालय शिक्षा विधेयक, २०८०, भदौ ०८० मा संसद्मा दर्ता भएको थियो । तर, एक वर्षदेखि छलफल चलाए पनि विधेयक अघि बढ्न सक्ने अवस्था नदेखिएको समितिले जनाएको छ । झन्डै ३० वर्षसम्मको विद्यालय शिक्षालाई सम्बोधन गर्ने गरी बनाउन लागिएको उक्त ऐनको मोडालिटी नै प्रस्ट छैन । 'शिक्षाको मोडालिटीबारे विधेयकमा स्पष्ट छैन, तीस वर्षसम्मको शिक्षालाई यसले सम्बोधन गर्नुपर्छ, समितिका सभापति थापाले भने, 'अबको शिक्षा वैज्ञानिक, सीपमूलक र व्यावसायिक हुनुपर्छ ।' समितिका सभापति थापाले मुख्य दलका सांसदहरू नै विद्यालय शिक्षा विधेयकबारे छलफल गर्न डाकेको दिन नआउने प्रवृत्ति रहेकाले समितिलाई पनि यो विधेयक अघि बढाउन कठिन भइरहेको जानकारी दिए । 'यो निकै महत्त्वपूर्ण विधेयक हो, तर समितिको बैठकमा माननीयज्यूहरू कहिले आउँछन् कहिले आउँदैनन्, संशोधन मात्रै हाल्छन्,' उनले भने, 'समितिमा भएको संसद् समितिका काममा अनिवार्य आउनुपर्ने नियम ल्याउन जरुरी छ ।'

■ सांसदहरू अनुपस्थित हुँदा बैठक बस्न सकेन

शिक्षा समितिको बैठक दसैतिहारयता बस्न सकेको छैन । सदस्यहरूको उपस्थिति नभएपछि बैठक बस्न नसकेको सभापति थापाले बताए । उनका अनुसार तिहारपछि २३ कार्तिक र ७ मंसीरमा समितिले सांसदहरूलाई बैठकमा बोलाएको थियो । तर २३ कार्तिकमा बस्ने भनिएको बैठकमा ४ जनामात्रै सांसद उपस्थित थिए । ७ मंसीरमा तोकिएको बैठकमा ९ जनामात्रै सांसद आए । कोरम नपुग्दा उक्त दिनपनि बैठक बस्न सकेन । समितिको बैठक बस्नको लागि कम्तिमा १३ जना सदस्य उपस्थित हुनुपर्छ । तर चुनाव तथा अन्य कारणले धेरैजसो सांसदहरूमा गाउँ तथा घुमघाममा रहेकोले उपस्थित नभएको सभापति थापाले बताए । 'दुईपटक बैठकको मिति तोकियो तर कोरम नै पुगेन, शिक्षा विधेयकमा धेरै काम गर्नुपर्ने छ, तर माननीयहरू आउनुभएको छैन,' उनले भने ।

■ विधेयकमा के–के छन् जटिल पक्ष ?

विधेयकमा मुख्य त शिक्षक व्यवस्थापन, विद्यालय व्यवस्थापन समितिको अधिकार, जिल्ला शिक्षा कार्यालयको अधिकार, स्थानीय तहको शैक्षिक अधिकार, माध्यमिक तहसम्मको शैक्षिक मोडालिटी, गुठी तथा निजी विद्यालय व्यवस्थापन र अधिकार, मावि शिक्षा स्थानीय तहले चलाउनुपर्ने विषय, जागिरेमुखी शिक्षालगायतका विषय बढी पेचिलो देखिएको छ । संशोधनकर्ताले पनि यी बुँदामा बढी संशोधन प्रस्ताव हालेका छन् । त्यस्तै, हाल कक्षा १२ सम्मको शिक्षामा निजी क्षेत्रले झन्डै ६ खर्ब लगानी गरेका छन् । सरकारको लगानी १० अर्बहाराहारी छ । अब बन्ने विद्यालय शिक्षा ऐनमा सरकारी विद्यालयलाई बलियो बनाउने गरी नीति तय गरिनेछ । तर, यसो गर्दा सरकारले विद्यालय शिक्षामा ठुलो लगानी गर्नुपर्ने देखिन्छ । यसबाहेक विधेयकमा शिक्षक र कर्मचारी व्यवस्थापनसम्बन्धी व्यवस्था कसरी गर्ने भन्ने विषय पनि बढी पेचिलो बनेको छ । यदि सरकारले सामुदायिक विद्यालयलाई बलियो बनाउने गरी कानुनी प्रावधान तय गर्ने हो भने कक्षा १२ सम्म झन्डै दुई लाख शिक्षक र कर्मचारी व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

■ विधेयकप्रति प्रमुख दलहरूको धारणा

कांग्रेसका शिक्षा विभाग प्रमुख नैनसिंह महरले यो विधेयक टुंग्याउन शान्ति प्रक्रिया टुंग्याउनभन्दा पनि बढी कठिन रहेको बताए । उनले करिब एक वर्षअघि सरकारले शिक्षक संगठनसँग गरेको सम्झौता पूरा हुनुपर्ने र विधेयकबारे उठेका विमति सम्बोधन हुनुपर्ने बताए ।

एमाले शिक्षा विभाग प्रमुख पार्वती रावलले एमालेले विद्यालय शिक्षा विधेयकलाई जतिसक्दो छिटो टुंगोमा पुर्‍याउने गरी सहयोग गरिरहेको दाबी गरिन् । रावलले भनिन्, 'शिक्षक सरुवाको विषय, शिक्षकको पेसाप्रतिको मर्यादा र जवाफदेहिताबारे कानुन स्पष्ट हुनुपर्छ, कक्षाभित्र राजनीति हुनुहुँदैन, हामीले यो विधेयक हाललाई अगाडि बढाऔँ भनेकै छौँ, तर संशोधनको वेला अघि बढाऊँ, त्यस समयमा पनि सहमति खोज्न सकिन्छ भन्दै आइरहेका छौँ ।' माओवादीको शिक्षा विभाग प्रमुख मायाप्रसाद शर्माले माओवादीका कारण विधेयक अघि बढाउन नसकिने अवस्था नआउने बताए । उनले माध्यमिक शिक्षासम्म निःशुल्क हुनुपर्ने व्यवस्थालाई सच्याउनुपर्ने, बालविकास तहको शिक्षाको टुंगो, सामुदायिक विद्यालयको स्तरोन्नति, रोजगारीमूलक शिक्षालगायतका विषयलाई विधेयकमा समेटिनुपर्ने धारणा राखे ।

विद्यालय शिक्षा विधेयक सोचेजस्तो सजिलो छैन । यो विधेयकलाई पूर्णता दिन नेपालको संविधान २०७२ नै संशोधन गर्नुपर्ने अवस्था देखिन्छ । नेपालको संविधान २०७२ ले कक्षा १२ सम्मलाई माध्यमिक शिक्षा मानेको छ र स्थानीय तहलाई अधिकार दिएकाले त्यसबारे पुनर्विचार गर्दै संविधान नै संशोधन गर्नुपर्ने समितिका सभापति थापाले बताए ।

'कांग्रेस–एमालेबिच बिआरआईमा समझदारी'

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणको पूर्वसन्ध्यामा सत्तारूढ दल कांग्रेस र एमालेबिच चीनद्वारा प्रस्तावित 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)' कार्यान्वयन योजनामा सहमति जुटेको छ । शनिबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको दुईदलीय कार्यदलको बैठकले बिआरआईमा सहमति जुटाएको हो । यसैका आधारमा प्रधानमन्त्री ओलीले चीन भ्रमणका बेला बिआरआईबारे नेपालको प्रस्ताव राख्नेछन् ।

गृहमन्त्री तथा कार्यदल सदस्य रमेश लेखकका अनुसार अनुदानका लागि तयार हुने लगायतका सबै असमझदारीका विषयमा सहमति जुटेको हो । उनका अनुसार नेपालले यसअघि हस्ताक्षर गरेको बिआरआईको फ्रेमवर्कको मर्मलाई समेटेर नेपालका तर्फबाट गरिने प्रस्तावको मस्यौदा तयार गरिएको छ । 'प्रधानमन्त्रीको भ्रमणअघि बिआरआईसम्बन्धी डकुमेन्टका विषयमा दुई दलबिच छलफल भयो । अनुदान मात्र लिने भन्ने बिषयमा दुई दलबिच पहिलादेखि नै समझदारी थियो । त्यस बाहेकका मिल्न बाँकी सबै बिषय मिलेका छन् । प्रधानमन्त्रीले मित्रराष्ट्र चीन समक्ष प्रस्तुत गर्ने बिआरआईको फ्रेमवर्क हामीले तयार गरेका छौँ । बिआरआईको फ्रेमवर्कमा नेपालले हस्ताक्षर गरेको स्प्रिटमा ड्राफ्टिङ भएको छ,' उनले भने । लेखकले समझदारी भएका अन्य विषय भने खुलाएनन् । बालुवाटार बैठकमा प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवासहित कार्यदल सदस्यहरू सहभागी भएका थिए । बैठकमा कांग्रेस महामन्त्री गगन थापाले यस विषयमा ब्रिफिङ गरेका थिए ।

■ चीन भ्रमणबारे राष्ट्रपतिलाई जानकारी

प्रधानमन्त्री केपी ओलीले राष्ट्रपति रामचन्द्र पौडेललाई आसन्न चीन भ्रमणबारे जानकारी गराएका छन् । राष्ट्रपति भवन शीतलनिवासमा शनिबार साँझ भएको भेटवार्तामा प्रधानमन्त्री ओलीले आफ्नो आसन्न चीन भ्रमणबारे राष्ट्रपति पौडेललाई जानकारी गराएको राष्ट्रपतिको सचिवालयले जनाएको छ ।

यसक्रममा राष्ट्रपति पौडेलले प्रधानमन्त्री ओलीलाई भ्रमणको सफलताका लागि शुभकामना दिएको राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले बताए । प्रधानमन्त्री ओलीसँग परराष्ट्रमन्त्री आरजु देउवा पनि सो भेटवार्तामा सहभागिता थिइन् । भेटबारे परराष्ट्रमन्त्री देउवाले आफूले गरेको चीन भ्रमणबारे पनि राष्ट्रपति पौडेललाई जानकारी गराएकी थिइन् । प्रधानमन्त्री ओली १७ देखि २० मंसिरमा चीन भ्रमणमा जाँदै छन् ।

सबैको सहमतिमा बिआरआई : परराष्ट्रमन्त्री



काठमाडौं/ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपाल र चीनको सहमतिमा बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत परियोजना कार्यान्वयन हुने बताएकी छिन् । चिनियाँ विदेशमन्त्री वाङ यीसँग औपचारिक वार्ता गरेर चीनको छेन्दुबाट शनिबार काठमाडौं फर्केपछि परराष्ट्रमन्त्री राणाले नेपाल ऋण लिन सक्ने अवस्थामा नरहेको स्पष्ट पारेको पनि बताइन् ।

'अहिले नेपाल ऋण लिन सक्ने अवस्थामा नरहेकाले चीन सरकारसँग पनि यसै विषयमा कुराकानी भएको छ,' परराष्ट्रमन्त्री राणाले भनिन्, 'बिआरआई परियोजना अनुदानमा गर्ने भन्ने विषय कांग्रेसले औपचारिक निर्णय नै गरिसकेको छ । वर्तमान सत्तासाझेदार दल एमालेलाई पनि यो जानकारी छ । त्यसैले अनुदानमा नै परियोजना अघि बढाउने विषयमा छलफल गरिरहेका छौँ ।' चीनले प्रस्ताव गरेको बिआरआई कार्यान्वयन योजनाको विकल्पमा परराष्ट्रमन्त्री राणाले शुक्रवार समकक्षी वाङसँग बिआरआई कार्यान्वयनको वैकल्पिक अवधारणा राखेकी थिइन् । यसबारे प्रधानमन्त्री ओलीको चीन भ्रमणमा निर्क्योल हुने वाङको जवाफ थियो ।

'बिआरआई परियोजनाको फ्रेमवर्कमा नेपालले सन् २०१७ मा नै हस्ताक्षर गरिसकेको छ र अहिले यसको कार्यान्वयनको योजनाबारे कुराकानी भइरहेको छ । यो नेपाल र चीनबिचको सहमति तथा समझदारीका साथै नेपालमा पनि सबैको साझा सहमतिकै आधारमा हुनेछ,' परराष्ट्रमन्त्री राणाले भनिन् । उनले चिनियाँ विदेशमन्त्री वाङसँग भएको द्विपक्षीय भेटवार्ता सौहार्द्रपूर्ण रहेको उल्लेख गर्दै नेपाल-चीन सम्बन्ध र द्विपक्षीय हितका विविध पक्षका साथै प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणको तयारीका बारेमा कुराकानी भएको बताइन् ।

■ कांग्रेस महाधिवेशनको तीन वर्षमा पाँचपटक मनोनयन

तर, केन्द्रीय समिति अझै अपूरो

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

१४औँ महाधिवेशनको तीन वर्षमा पनि कांग्रेसको केन्द्रीय समिति अझै अपूर्ण छ । कांग्रेस विधानमा महाधिवेशनबाट सभापति र अन्य पदाधिकारीसहित केन्द्रीय कार्यसमितिमा एक सय ३४ जना निर्वाचित हुने व्यवस्था छ । कुल एक सय ६८ सदस्यीय केन्द्रीय समितिमा सभापतिलाई थप ३३ जना मनोनीत गर्ने अधिकार विधानले दिएको छ । सबैको प्रतिनिधित्व हुने गरी ३३ जना थप मनोनीत गर्ने अधिकार सभापतिलाई दिए पनि अझै दुई केन्द्रीय सदस्य मनोनीत नहुँदा पूर्णता पाएको छैन ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत छिट्टै बाँकी सदस्य मनोनीत हुने र केन्द्रीय समितिले पूर्णता पाउने दाबी गर्छन् । उनले सभापतिको अधिकार क्षेत्र भएकाले आवश्यकता हेरेर बाँकी मनोनयन गर्ने र केन्द्रीय समितिलाई पूर्णता दिने जिकिर गरे । 'सभापतिज्यूले विधानले दिएको अधिकारअनुसार सबैलाई समेटेर केन्द्रीय समितिमा मनोनीत गर्नुभएको छ । महाधिवेशनको तीनवर्षे अवधिमा एक-दुईबाहेक सबै मनोनीत भइसकेका छन् । बाँकी पनि छिट्टै हुनेछन् । छिट्टै केन्द्रीय समितिले पूर्णता पाउनेछ,' उनले भने ।

महाधिवेशनमा खुला ३५, महिला नौ, प्रत्येक प्रदेशबाट तीनजनाका दरले २१, दलित नौ, आदिवासी-जनजाति १५, खस-आर्य १३, मधेसी नौ, थारू चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसंख्यकबाट एक, अपांगता भएकाबाट एक सदस्य निर्वाचित हुन्छन् । यसबाहेक कांग्रेस विधानको दफा २१ (१०)मा केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट केन्द्रीय सभापतिले कार्यसमितिमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था, समावेशी सिद्धान्त र अपांगता भएका वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्वसमेतलाई ध्यानमा राखी ३३ जना सदस्य मनोनीत गर्ने अधिकार छ । महाधिवेशनपछि सभापति देउवाले पटक-पटक गरी ३२ केन्द्रीय सदस्य मनोनीत गरिसकेका छन् । सभापतिको दोस्रो चरणमा पराजित बनेका डा. शेखर कोइराला भने सभापतिमा दोस्रो मत ल्याउने व्यक्ति स्वतः केन्द्रीय सदस्य बन्ने विधानको दफा ६५ को व्यवस्थाअनुसार केन्द्रीय सदस्य बनेका हुन् ।

महाधिवेशनपछि १७ पुस ०७८ मा रामचन्द्र पौडेल, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, डा. नारायण खड्का, उमा रेग्मी, सुजाता कोइराला र मीन विश्वकर्मालाई मनोनीत गरेका थिए । १८ पुसमा प्रदीप पौडेल, कल्याणकुमार गुरुङ र जीवनबहादुर शाहीलाई मनोनीत गरे ।

जसमा महाधिवेशनमा पराजित र महाधिवेशनमा देउवालाई सघाउने अनुहारको वर्चस्व थियो । मनोनीत भएका सिंह र निधि सभापतिको पहिलो चरणको निर्वाचनमा सभापतिको उम्मेदवार थिए । उनीहरूले सभापतिको दोस्रो चरणको निर्वाचनमा देउवालाई सघाएका थिए । यस्तै, देउवा प्यानलबाट उपसभापतिको उम्मेदवार बनेका गच्छदार र सिंह प्यानलबाट उपसभापति बनेकी कोइराला पनि महाधिवेशनमा पराजित भएका थिए । महत देउवा प्यानलबाटै महामन्त्रीका उमेम्दवार बनेर पराजित बनेका थिए । गुरुङ सभापतिको पहिलो चरणको निर्वाचनबाट बाहिरिएका थिए । पौडेल देउवा प्यानलबाट महामन्त्रीमा र शाही सहमहामन्त्रीमा पराजित बनेका थिए । जसमा संस्थापन इतरसमूहका नसमेटिएपछि यसलाई लिएर कांग्रेसको संस्थापनइतर समूहले असन्तुष्टि जनाएको थियो ।

यसबिचमा १० साउन ०७९ संस्थापन समूहबाट राधा घले, धना खतिवडा, उर्मिला थपलिया, कल्याणी रिजाल, गोमा भट्टराई, गंगा शाही, लक्ष्मी खतिवडा र सीता देवकोटा गरी १० महिला मनोनीत गरेका थिए । जसमा संस्थापनइतरबाट रुक्मिणी कोइराला र किरण यादव परेका थिए । महामन्त्रीमा पराजित चारमध्ये दुईजना र सहमहामन्त्रीमा पराजित ११ मध्ये शाही केन्द्रीय सदस्यमा मनोनीत बनेका छन् । संविधानअनुसार केन्द्रीय समितिमा ३३ प्रतिशत महिलाको संख्या पुर्‍याउनुपर्ने हुन्छ । जसअनुसार ५५ जना महिला केन्द्रीय समितिमा आवश्यक हुन्छ । हालसम्म ४१ जना निर्वाचित भएर आएका छन् । १३ जना मनोनयन भएका छन् । २२ वैशाख ०८० मा संस्थापनइतरबाट महामन्त्रीमा पराजित डा. मीनेन्द्र रिजाललाई केन्द्रीय समितिमा समावेश गरेका थिए । यसबिचमा सभापति देउवाले पटक-पटक गरी २४ जनाको मनोनयन गरेका थिए । मनोनीतमध्ये हालका रामचन्द्र पौडेल राष्ट्रपति बनेसँगै पछिल्लो समय १० केन्द्रीय सदस्य मनोनयन हुन बाँकी थियो ।



● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस

सभापतिज्यूले विधानले दिएको अधिकारअनुसार सबैलाई समेटेर केन्द्रीय समितिमा मनोनीत गर्नुभएको छ । महाधिवेशनको तीनवर्षे अवधिमा एक-दुईबाहेक सबै मनोनीत भइसकेका छन् । बाँकी पनि छिट्टै हुनेछन् । छिट्टै केन्द्रीय समितिले पूर्णता पाउनेछ ।

४ असोज ०८० मा सभापति देउवाले आठ केन्द्रीय सदस्य मनोनयन गरे । मनोनीत हुनेमा संस्थापननिकट मानबहादुर विश्वकर्मा, अर्जुनप्रसाद जोशी, किरणराज शर्मा पौडेल, भरतकुमार शाह, शारदा पौडेल र अनिलकुमार रुंगटा थिए । डा. चन्द्र भण्डारी शेखर-गगन समूहका र शिवप्रसाद हुमागाईं नेता कृष्ण सिटौलानिकट थिए । १३ पदाधिकारीका लागि ३७ जना उम्मेदवार बनेका थिए । हालसम्मको मनोनयनमा पदाधिकारीमा पराजित २४ मध्ये ११ केन्द्रीय समितिमा पुगेका छन् ।

महाधिवेशनमा पदाधिकारीतर्फ एक सभापतिका लागि पाँच जना, दुई उपसभापतिका लागि सातजना, दुई महामन्त्रीका लागि ६ जना र आठ सहमहामन्त्रीमा १९ जना उम्मेदवार रहेका थिए । केन्द्रीय सदस्यमध्येबाट एकजनालाई कोषाध्यक्षको जिम्मेवारी तोक्ने अधिकार पनि सभापतिलाई थियो । केन्द्रीय समितिमा सभापति देउवाका पक्षमा ८० प्रतिशत बहुमत छ । तर, गत आइतबार मात्रै सभापति देउवाले उमेश श्रेष्ठलाई कोषाध्यक्ष मनोनीत गरेका छन् ।

इतरसमूहका नेता अर्जुननरसिंह केसी मनोनयनमा ढिलाइ हुँदा पार्टीमा राम्रो पद्धति बस्न नसकेको तर्क गर्छन् । उनी पदाधिकारी तहको कोषाध्यक्षको मनोनयनमा भएको ढिलाइ र अझै केन्द्रीय समिति अपूर्ण रहनुले गलत सन्देश गएको टिप्पणी गर्छन् ।

दुर्घटनामा अभिभावक गुमाएका दुई बालिकाको अभिभावकत्व लिने प्रचण्डको घोषणा

काठमाडौं/ माओवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २८ कात्तिकमा झाँक्री प्रकाश भुजेल चढेको गाडीले ठक्कर दिँदा ज्यान गुमाएका नारायण नगरकोटी र श्रीमती सानुमाया नगरकोटीका दुई छोरीको अभिभावकत्व पार्टीले लिने प्रतिबद्धता जनाएका छन् । पीडित बालिकालाई शैक्षिक सामग्री सहयोग एवं हस्तान्तरण गर्न शनिबार कागेश्वरी मनोहर नगरपालिका आलापोटमा आयोजित कार्यक्रममा उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

सो क्रममा उनले समाजमा दुःख-पीडामा रहेकाहरूलाई सहयोग गर्नु नेपाली समाजको संस्कृति भएको उल्लेख गरे । उनले भने 'समाजमा पीडामा भएका र सेवा आवश्यक रहेका व्यक्तिहरूलाई सहयोग गर्ने भावना नेपाली समाजको संस्कृति नै हो, यसलाई बढाएर लैजानुपर्छ ।' यस्ता व्यक्तिको अभिभाकत्व सरकारले लिनुपर्ने भए पनि अहिलेको सरकार भन्ने एउटा र गर्ने अर्को अवस्थामा रहेको उनले टिप्पणी गरे ।

दुर्घटनामा नगरकोटीदम्पतीको ज्यान गएको खबर सुनेपछि पीडितको आलापोटस्थित वासस्थानमै पुगेर भेटेको उनले स्मरण गरे । प्रचण्डले भने, 'मेरो घोषणालाई सुनेर सहयोग गर्ने भावना पैदा हुनु महत्त्वपूर्ण छ । देशैभरिका जनताका लागि यो एउटा सन्देश पनि हो ।' उनले १२ कक्षासम्म पार्टीले नै अभिभावकत्व लिएर बुबाआमा गुमाएका गरिमा र अनुलाई राम्रो वातावरणमा पठनपाठनको व्यवस्था मिलाउने बताए । उनको घोषणालाई समर्थन गर्दै उद्धव नेपालले गरिमा र अनुलाई कक्षा १२ सम्म अध्ययन गर्दा आवश्यक पाठ्यपुस्तकलगायतका शैक्षिक सामग्री र पोसाक सहयोग गर्ने घोषणा गरेका छन् ।

पूर्वप्रधानमन्त्री खनाल चीन प्रस्थान

काठमाडौं/ पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल चीन प्रस्थान गरेका छन् । ग्वान्जाओमा आयोजना हुने विश्व सम्मेलनमा सहभागी हुन एकीकृत समाजवादीका विदेश विभाग प्रमुखसमेत रहेका खनाल र विभागका सचिव डा. शंकर खतिवडा चीन प्रस्थान गरेका हुन् । चीन प्रस्थानअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग खनालले चीन सरकारले अघि सारेको बिआरआई परियोजना स्वीकार गर्नुपर्ने बताए । बिआरआईमार्फत अनुदान र ऋण दिन सकिने भन्दै खनालले राष्ट्रहितमा निर्णय गर्नुपर्ने बताए । 'नेपालको आवश्यकता र हितलाई दृष्टिगत गरी बिआरआई स्वीकार गर्नुपर्छ,' उनले भने 'चीनबाट हामीले ऋण लिऊँ, चाहे अनुदान । नेपालको राष्ट्रिय हित हुन्छ कि हुँदैन ? सर्वोपरि कुरा त्यो हो । पहिला राष्ट्रिय हितलाई ध्यानमा राख्नुपर्छ । राष्ट्रिय हित हुन्छ भने त्यो जोबाट पनि लिँदा हुन्छ ।'

प्रधानमन्त्री ओलीले शिलान्यास गरेको दमक बहुप्राविधिक शिक्षालय भवन अलपत्र

चार विषय स्वीकृत हुँदा पनि भवन अभावमा एउटाको मात्र पढाइ

झापामा **चिरञ्जीवी घिमिरे**

प्रधानमन्त्री केपी ओलीले २० माघ ०७९ मा शिलान्यास गरेको सरकारी शिक्षालय दमक बहुप्राविधिक शिक्षालय भवन अलपत्र परेको छ । ओलीको गृहनगर दमक नगरपालिका- ४ मा बहुप्राविधिक शिक्षालय भवन बजेट अभावमा निर्माण पूरा नभएर अलपत्र परेको हो ।

ओली प्रधानमन्त्री भएका वेला ०७६ मा उनकै सक्रियतामा स्थापना भएको दमक बहुप्राविधिक शिक्षालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आंगिक शिक्षालय हो । शिक्षालयको भवन निर्माणका लागि दमक- ४ अर्नाखाडीमा तीन वर्षअघि १८ कोठे तीनतले भवन निर्माण सुरु भएको थियो । ओलीले २० माघ ०७९ मा भवन निर्माणका लागि शिलान्यस गरेका थिए । सो ठाउँमा चार बिघा चार कट्ठा जग्गा शिक्षालयलाई प्राप्त भएको छ । जसमध्ये तीन बिघा १८ कट्ठा जग्गा ऐलानी हो भने ६ कट्ठा दाताले शिक्षालयलाई उपलब्ध गराएको हो । अझै चार कट्ठा जग्गा दान गर्न वचनबद्धता आए पनि शिक्षालयको नाममा आइनसकेको शिक्षालय प्रमुख ठाकुरप्रसाद भट्टराई बताउँछन् ।

तत्कालीन समयमा शिक्षालयको भवन निर्माणका लागि चार करोड ६४ लाख बजेट विनियोजन भएको थियो । निर्माण कम्पनीले ठेक्का सम्झौताअनुसार ११ महिनामा सक्ने गरी स्ट्रक्चरको काम सकेको छ । तर, त्यसपछि फिनिसिङको कामका लागि बजेट नआउँदा भवन अलपत्र परेको शिक्षालयका शिक्षालय प्रमुख भट्टराईले बताए । 'आएको बजेटले स्ट्रक्चरल काम सकिएको छ । समयमै काम सकिएर निर्माण कम्पनीले जिम्मा लगायो । वाल लगाएर कोठासमेत बनेको छैन । अन्य फिनिसिङको काम बाँकी नै छ,' उनले भने, 'बजेट नआएकाले भवन अलपत्रजस्तै बनेको छ । बजेट माग गर्न प्रधानमन्त्रीदेखि यस प्रदेशका मुख्यमन्त्रीसम्मलाई भेटिसकेँ, तर पर्याप्त बजेट आएन ।'

गत आर्थिक वर्षमै संरचनाको काम सकिए पनि त्यसपछि फिनिसिङका लागि बजेट आएन । चालू आर्थिक वर्षमा सरकारले ८० लाख बजेट विनियोजन गरेको छ । तर, त्यो बजेटले काम पूरा नहुने शिक्षालय प्रमुख भट्टराई बताउँछन् । 'यो बजेट त हात्तीको मुखमा जिराजस्तो भयो । ८० लाख आएको छ । यसले सामान्य काम होला, तर पूरा हुन सक्दैन । यो बजेटले त केही काम लाग्दैन,' उनले भने, 'यो फिनिसिङ गरिसक्न सात करोड बजेट चाहिन्छ । छात्रावास निर्माण, माटो परीक्षण गर्ने ल्याब, क्यान्टिनलगायतको काम पनि गर्नुपर्नेछ ।'

शिक्षालयको भव्य भवन निर्माणको प्रारम्भिक चरणमा बजेट अभावले अलपत्र छ । अहिले शिक्षालय भने दमक- २ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्र रहेको जीर्ण भवनमा सञ्चालन भइरहेको छ । ०७६ मा स्थापना भएपछि दमक नगरपालिकाले उपलब्ध गराएको उक्त जीर्ण संरचनामा शिक्षालय चलिरहेको शिक्षालय प्रमुख भट्टराई बताउँछन् । 'हामी दमक- २ को हम्सेदुम्से वन क्षेत्रमा रहेको नगरपालिकाले उपलब्ध गराएको जीर्ण भवनमा छौँ । यहाँ पाँच वर्षदेखि बिजोगले कक्षा सञ्चालन गरिरहेका छौँ,' उनले भने, 'भुटानी शरणार्थीका लागि बसेको आइओएमले बनाएर छाडेको अस्थायी भवन रहेछ । हामी त्यहीँ मर्मतसम्भार गरेर बसिरहेका छौँ । त्यो पनि वेलावेला भत्किरहन्छ ।'



दमक नगरपालिका- ४ स्थित अलपत्र दमक बहुप्राविधिक शिक्षालय भवन । **तस्बिर : नयाँ पत्रिका**

यो शिक्षालयलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले चारवटा विषय पठनपाठनका लागि स्वीकृति दिएको छ । तीनवर्षे डिप्लोमा तहका मेकानिकल, अटोमोबाइल, रेफ्रिजेरेटर एन्ड इयर कन्डिसन र सिभिल इन्जिनियरका विषय पढाउन सिटिइभिटीले स्वीकृति दिएको छ । तर, संरचना अभावका कारण अहिले सिभिल इन्जिनियरिङका मात्र कक्षा भइरहेको शिक्षालय प्रमुख भट्टराईले बताए । 'एउटा विषयबाहेक अरू पढाउन सकिएको छैन । यसको प्रमुख कारण भवन अभाव नै हो,' उनले भने । भवन अभावका कारण माटो परीक्षणका लागि ल्याब सञ्चालन गर्नसमेत नसकिएको उनले बताए । 'सिभिल इन्जिनियरिङ पढाइ हुने ठाउँमा माटो परीक्षणको ल्याब अनिवार्य हो । तर, हामीले सञ्चालन गर्न सकेका छैनौँ,' उनले भने, 'अहिले मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल बहुप्राविधिक शिक्षालयमा लगेर गरिरहेका छौँ ।'

पढाइ भइरहेको डिप्लोमा तहको सिभिल इन्जिनियरिङमा पनि विद्यार्थीको आकर्षण छैन । सरकारको छात्रवृत्तिमा पढ्न आउने विद्यार्थीसहित प्रत्येक वर्ष ४८ जनाको कोटा हुन्छ । तर, कुनै ब्याचमा पनि कोटाजति विद्यार्थी नआएको शिक्षालय प्रमुख भट्टराई बताउँछन् । उनका अनुसार तेस्रो वर्षमा २५ जना, दोस्रो वर्षमा ३५ जना विद्यार्थी छन् भने पहिलो वर्षमा २८ जनाले रजिस्ट्रेसन गरेका छन् । पहिलो वर्षमा अझै केही समय विद्यार्थी आउन सक्ने उनको अनुमान छ । 'पूर्वाधार राम्रो नभएर पनि विद्यार्थीको आकर्षण नभएको हो । अरू ठुलठुला संरचना भएका क्याम्पसमा विद्यार्थी जान्छन्,' उनी भन्छन्, 'अर्को कारण विद्यार्थीका लागि यो शिक्षालय भएको अहिलेको ठाउँ विद्यार्थीलाई अपायक छ । भनेको वेला सवारीसाधन पनि पाइँदैन । तसर्थ, विद्यार्थीको संख्या बढ्न सकेन ।'

चीनबाट अनुदान होइन ऋण लिनुपर्छ

देशको भूराजनीतिक स्वार्थ गाँसिएका भारत र चीनजस्ता देशबाट हामीले सानातिना कार्यक्रमका लागि थोरै रकमबाहेक अनुदान लिनैहुन्न



● राजु नेपाल

अग्रलेख

प्रधानमन्त्रीको चीन भ्रमणको पूर्वसन्ध्यामा नेपालमा एउटा लामो र कहिल्यै नटुंडिगने बहस सुरु भएको छ। बहसको केन्द्र चीनको बिआरआई कार्यक्रमबाट नेपालले कर्जा लिने कि नलिने भन्ने रहेको छ। एकातिर नेकपा एमाले सकेसम्म बिआरआईअन्तर्गत कर्जा वा अनुदान जे पाइन्छ लिऊँ भन्नेमा देखिन्छ भने अर्कातिर प्रमुख प्रतिपक्षी नेकपा माओवादीले जसरी पनि बिआरआई कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिइरहेको देखिन्छ। सत्ता साझेदार र संसद्को सबैभन्दा ठुलो दल नेपाली कांग्रेस भने बिआरआईमा अनुदान स्विकार्ने तर कुनै हालतमा ऋण नलिने भन्नेमा दृढ देखिन्छ। विदेशीका कुरा त अझ स्पष्टै छ। यो परिस्थितिमा प्रधानमन्त्री चेपुवामा परेकोमा द्विविधा छैन। अझ विडम्बना त के छ भने हाम्रा देशका कुनै दललाई एमसिसी सुन्ने नचाहने र बिआरआई नभई नहुने अनि कुनै दल त्यसको ठ्याक्कै उल्टो। फेरि सत्ता जोगाउन त्यत्तिकै सकस। अब त यी परियोजनाका नाम जोडिएर सत्ताभन्दा पनि व्यवस्थाको निरन्तरताको चर्चा हुन थालिसक्यो, जुन दुर्भाग्य हो।

ऋण र अनुदानका राम्रा र नराम्रा पक्ष : सर्सती हेर्दा वा सुन्दा अनुदान जहिले पनि ठिक र ऋण बेठिक जस्तो लाग्छ। तर, त्यसो होइन। अझ भन्नुपर्दा त्यो ठ्याक्कै उल्टो हो। एउटा देशका लागि ठुला परियोजना सम्पन्न गर्न विदेश र अझ ठुला छिमेकीबाट अनुदान लिनुहुन्न, ऋण नै लिनुपर्छ। व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न भने अनुदान स्विकार्न सकिन्छ। फेरि अब विश्वमा हरेक वर्ष अनुदानको रकम घट्दै र ऋणको अंश बढ्दै छ। ठुला परियोजनामा त अनुदान पाउन मुस्किल भइसकेको छ। हाम्रो जस्तो देशले ऋण लिएर सदुपयोग गर्दा आर्थिक वृद्धि गर्न सहज हुन्छ, पूर्वाधार निर्माण र विकास छिटोछरितो हुन्छ, प्राकृतिक स्रोतको उपयोग गर्न मद्दत पुग्छ भने भुक्तानी सन्तुलनमा समेत यसले टेवा पुऱ्याउँछ। ऋण लिँदा आफ्नो देशको आवश्यकताअनुसारका सर्त राख्न सकिन्छ। ऋणका सर्त धेरै हदसम्म पारदर्शी हुन्छन्। ऋण देशको बजेटरी फ्रेमवर्कभित्र पर्छ। तर, ऋणको सावाँ र ब्याज समयमा तिर्न सकिएन भने देशमा ठुलै संकट आउन सक्छ।

अनुदानको सबैभन्दा सबल पक्ष भनेकै तिर्नु नपर्ने हो। यसका अरू कुनै सबल पक्ष छैनन् भन्दा हुन्छ। यो नवीकरण हुँदैन। अनुदानका सर्त पारदर्शी हुँदैनन्। एउटा काम सकिएपछि यसको प्रयोजन सकिन्छ। अनुदान लिँदा आफ्ना सर्त राख्न सकिन्न। अझ भनौं, अनुदानमा देखिनेभन्दा नदेखिने सर्त धेरै र भयानक हुन्छन्, जसको मूल्य हाम्रा भावी पुस्ताले ऋणको सावाँ र ब्याजभन्दा बढी बुझाउनुपर्ने हुन्छ। साथै, हाम्रो जस्तो देशका लागि अझ यो खतरनाक हुन सक्छ। हामीले हाम्रो देशका भूराजनीतिक स्वार्थ भएका भारत र चीनजस्ता देशसँग त सानातिना कार्यक्रमका लागि थोरै रकमबाहेक अनुदान लिनैहुन्न। भूराजनीतिक स्वार्थमा नअल्झने जापानजस्ता मुलुकबाट अनुदान लिँदा फरक पर्दैन, तर चीनजस्तो अत्यन्त अपारदर्शी देशसँग त ठुलो रकम अनुदान लिनैहुन्न। फेरि अनुदानको रकम बजेटरी फ्रेमवर्कभित्र नपर्दा त्यसमा झनै धेरै शंका गर्नुपर्ने हुन्छ। तर, अनुदान वा ऋण जे भए पनि ती दुवै हाम्रा आवश्यकता र प्राथमिकतामा हुनुपर्छ, न कि दिने देश वा संस्थाको। यी दुवै हाम्रो परराष्ट्र नीतिका अभिन्न अंग हुनुपर्छ।

बिआरआईमाथिको बहस : नेपालमा कम्युनिस्टहरू बिआरआईअन्तर्गतका परियोजना आएन भने देशै बर्बाद हुन्छ भन्ने ठान्छन् र कांग्रेस यो परियोजनामा ऋण लिन नहुनेमा दृढ छ। श्रीलंका र अफ्रिकाका केही देशका उदाहरणले होला, कांग्रेस यसमा अनावश्यक हठ गर्दै छ। कताकता कांग्रेस चीनसँग सशंकित देखिन्छ। त्यसको प्रमुख कारण चीनसँगको पार्टीको संस्थागत उठबस कम हुनु हो। चीन पनि कांग्रेससँगभन्दा नेपालका सानाठुला सबै कम्युनिस्टसँगै बढी हिमचिम गर्न चाहन्छ।

अधिकांश चिनियाँ ऋण वा अनुदान आफैंमा पारदर्शी नहुने, बहुराष्ट्रिय ठेक्कामा काम गर्न नपाइने, सामान र कामको दर तोक्न नपाइने हुँदा यो फाइदामा त छँदै छैन। अझ चिनियाँ ऋणको ब्याजदर पनि चलनचल्तीको भन्दा बढी हुने हुँदा यसमा चनाखो त हुनैपर्छ। यस्तो अवस्थामा कांग्रेसले भन्नुपर्ने के हो भने 'बिआरआईअन्तर्गत लिइने कर्जाका प्रावधान एमसिसी वा विश्व बैंकबाट लिइने ऋणकोजस्तै जनताले पढ्न पाउनुपर्छ, काम ग्लोबल टेन्डरबाट हुनुपर्छ र कर्जाको ब्याजदर विश्व बैंक वा अन्तर्राष्ट्रिय मुद्रा कोषको भन्दा कम हुनुपर्छ, भुक्तानी अवधि



लामो हुनुपर्छ।' यति भयो भने हामीले हाम्रो देशको आवश्यकताअनुसार जोसँग ऋण लिए पनि हुन्छ। अझ ठुल्ठुलो स्वरले कांग्रेसले यसका लागि ठोस पहल गर्नुपर्ने हो। तर, दुर्भाग्य त्यसो हुन सकेन। कांग्रेसको एकोहोरो रटले ऊ र चीनबिचको सम्बन्ध कस्तो छ, अन्दाज गर्न भने सकिन्छ। कांग्रेसको यस्तो रटानबाट चीन पनि पक्कै खुसी नहोला। भोलि कुनै अर्को दलले विनाकुनै आधार, भारतसँग ऋण लिनुहुन्न भन्यो भने वा विश्व बैंकसँग ऋण लिनुहुन्न भन्यो भने, कांग्रेसले के भन्ने ? त्यत्रो विरोधबिच पारदर्शिता र देशका लागि आवश्यक रहेको भन्दै एमसिसीमा नेतृत्व लिने कांग्रेसले कुनै सर्त नहेरी वा देशको आवश्यकताबारे चर्चा नै नगरी चीनसँग बिआरआई कार्यक्रमअन्तर्गत कर्जा लिनुहुन्न भन्न पाइन्छ ? यसले विश्व अर्थतन्त्रको प्रमुख देश चीनसँगको पारस्परिक सम्बन्धमा भविष्यमा कस्तो असर गर्ला ? यहाँनेर कमजोरी भएकै हो।

> हाम्रो जस्तो सुशासन कमजोर भएको मुलुकले त अनुदानभन्दा ऋण नै लिनुपर्छ, किनकि अनुदानमा भन्दा ऋणमा चुहावटको सम्भावना कम हुन्छ, पारदर्शिता बढी हुन्छ। ऋण लिँदा तिर्नुपर्ने कारणले आयोजना समयमै सम्पन्न गर्न दबाब हुन्छ।

हामीसँग भएका साधनस्रोतले हाम्रा लागि आवश्यक पूर्वाधार परियोजना निर्माण र सम्पन्न गर्न सकिन्न। अनि ठुलो रकमको अनुदान कसैले किन दिन्छ ? यस्तोमा ऋण नलिएर के गर्ने त ? ऋण पनि योसँग लिन्छु, योसँग लिन्नँ भन्ने हो र ? देशको आवश्यकता पो हेर्ने हो। ऋणका प्रावधान आफूअनुकूल छ कि छैन पो हेर्ने हो। फेरि हाम्रो जस्तो सुसाशन कमजोर भएको मुलुकले त अनुदानभन्दा ऋण नै लिनुपर्छ, किनकि अनुदानमा भन्दा ऋणमा चुहावटको सम्भावना कम हुन्छ। ऋण लिँदा तिर्नुपर्ने कारणले आयोजना समयमै सम्पन्न गर्न दबाब हुन्छ। अहिलेको चर्चा र विभाजन देशको आवश्यकताभन्दा राजनीतिक दलको आबश्यकताले निम्त्याएको देखिन्छ।

यो नै समस्याको जड हो। कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर जसरी देशका अन्य सयौं समस्या एकातिर पन्छाएर रेलमार्ग वा त्यस्तै कुरा गर्न थालेपछि अहिले आएको गाँठो सुल्झिन कठिन देखिन्छ। फेरि प्रधानमन्त्रीको भ्रमणभन्दा पहिला प्रधानमन्त्रीकै पार्टीका वरिष्ठ नेताहरूको चीन भ्रमणले पनि प्रशस्त शंका गर्ने ठाउँ दिएको छ।

चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको तीन साताअघि कांग्रेसको आसन्न चौधौं महाधिवेशनमा सभापतिका लागि तयारी गरिरहनुभएका कांग्रेस नेता डा. शेखर कोइरालालाई चीन भ्रमण गर्न निम्तो आयो। त्यो वेला नेकपाको केपी ओलीको नेतृत्वको झन्डै दुईतिहाइको सरकार थियो, प्रधानमन्त्रीको घमन्ड शिखरमा थियो। नेकपाका केही नेता अबको ५० वर्ष कांग्रेसले सरकारमा आउनेबारे नसोचे हुन्छ भन्दै सडक र सदनमा कुर्लंदै थिए।

भ्रमण दलमा डा. शेखर कोइरालाका अतिरिक्त राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरू प्राडा गोविन्दराज पोखरेल, डा. स्वर्णिम वाग्ले, म र डा. कोइरालाका राजनीतिक सहयोगी दिनेश थपलिया थियौं। सातदिने चीन भ्रमणमा हामी सांघाई र बेइजिङ पुग्यौं। चिनियाँ नीति-निर्मातासँग लामा र धेरै छलफल भए। उनीहरूको चासो त्यसवेलामा विशेषगरी तीन विषयमा रहेको थियो। पहिलो, चिनियाँ राष्ट्रपतिको भ्रमणलाई कांग्रेसले कसरी लिएको छ ? दोस्रो, भ्रमणका एजेन्डा के हुनुपर्छ ? र तेस्रो बिआरआईमा के गर्दा ठिक होला ? उनीहरू विशेषगरी डा. कोइरालाबाट तेस्रो प्रश्नको स्पष्ट उत्तरको खोजीमा रहेको हामीले पायौं। त्यहाँ डा. कोइरालाले भन्नुभयो, 'बिआरआईको हामी कहिल्यै विरोध गर्दैनौं, यसलाई बढी पारदर्शी र सस्तो बनाऊँ। यस परियोजनाअन्तर्गत हुने कामको चिनियाँ एकाधिकार भने नेपालले स्विकार्दैन।'

एमसिसीमा अनुदान लिन हुने बिआरआईमा नहुने ? : यो प्रश्न आफैंमा ठिक हो। तर, के बिआरआईमा पनि एमसिसीको जस्तै पारदर्शी सर्त हुन सक्छन् ? के आयोजना समयमा सकिने प्रत्याभूति होला ? के कामको ठेक्का प्रक्रिया पारदर्शी र ग्लोबल टेन्डरबाट होला ? यति भयो भने त्यो स्वीकार गर्न कुनै अप्ठ्यारो मान्नुपर्दैन। तर, विगत केही वर्षदेखि चीनको नेपालप्रतिको व्यवहार सहज छैन। नाकाहरू विनाकारण महिनौं बन्द भएका छन्। व्यापारीका अर्बौं रकम डुबेको छ। अधिकांश सुरु भएका आयोजना बिचमै अलपत्र परेका छन्। यसबाट भने झस्केर कांग्रेस चीनसँग ऋण सम्झौता गर्न हुन्न भन्नेमा पुगेको बुझ्न सकिन्छ। तर, यी कुरा त सँगै बसेर छलफलबाट समाधान गर्न सकिन्थ्यो नि ? सबै ढोका बन्द गर्नैपर्ने नै थियो र ?

समाधानको उपाय : सबैभन्दा पहिला देशको आवश्यकता के हो र के होइन भन्नेमा सरकार स्पष्ट हुनुपऱ्यो ? राष्ट्रियताको परिभाषा सरकारमा हुँदा र नहुँदा एउटै हुनुपऱ्यो। सधैं जनता झुक्याउन मात्रै भाषण गर्यौं भने विकल्प साँघुरिँदै जान्छन् र अहिले पनि प्रधानमन्त्रीलाई भएको त्यही हो। विगतका कमी-कमजोरी धक नमानी स्विकारौं र आवश्यक रकम लिऊँ। चाहे त्यो कर्जा होस् वा अनुदान, तर प्रथम सर्तचाहिँ पारदर्शिता पालना हुनैपर्छ। नत्र, कांग्रेसले त ऋण मात्रै नस्विकार्ने भनेछ, म त भन्छु अनुदान त झन् लिनैहुन्न।

देशभित्रको आन्तरिक कारण जे भए पनि देशको प्रधानमन्त्रीले नै चीन जानुभन्दा अगाडि 'चीनसँग ऋण लिने कुनै सम्झौता गर्दिनँ' भन्नुपर्ने दिन आउनुचाहिँ सुखद संयोग हुने सक्दैन। यसबाट हाम्रो प्रणाली र प्रधानमन्त्री आफैंमा कति कमजोर छन् भन्ने देखिन्छ, बुझिन्छ। यस्तो भ्रमणबाट देशले के अपेक्षा गर्ने ?

(नेपाल अर्थविद् हुन्)

@rajunepal

३ प्रश्न

निर्वाचन आयोगकी प्रवक्ता **नीता पोखरेल अर्याल**लाई



स्थानीय तह उपनिर्वाचनमा मतदानका लागि तयारी कस्तो छ ?

स्थानीय तह उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ। आज (आइतबार) बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुनेछ। मतदाताको सहजताका लागि मतदान स्थलको निश्चित क्षेत्रबाहेक निर्वाचन सुरक्षामा असर नपर्ने गरी यातायात सञ्चालनको उपयुक्त प्रबन्ध गर्न गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भइसकेको छ। मतदान हुने सम्बन्धित स्थानीय तह र वडामा सार्वजनिक बिदा दिनका लागि आयोगले सरकारसित अनुरोधसमेत गरेको छ। मतदानमा प्रभाव पार्ने कार्य वा पार्ने प्रयत्न भएमा कानुनबमोजिम कारबाही गरी मतदान निर्वाध रूपमा उपनिर्वाचन सम्पन्न गर्न सम्बद्ध निकायहरूलाई निर्देशन दिइएको छ। सबै आधारमा तयारी पूरा भएका छन्।

मतदाताले कसरी मतदान गर्न सक्ने व्यवस्था गरिएको छ ?

मतदाताको मताधिकार सुरक्षित गर्न आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदातालाई मताधिकारको उपयोग गर्न सहजता होस् भन्ने हेतुले मतदाता परिचयपत्र, नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र या सवारी चालक अनुमति पत्रको सक्कल प्रमाणपत्रका आधारमा पनि मतदान गर्न सक्ने व्यवस्था मिलाएको छ। गर्भवती, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री र अन्य लिंगीलाई प्राथमिकताका आधारमा मतदान गर्न दिने व्यवस्था गरेका छौं।

मतगणना कहिलेदेखि सुरु हुन्छ र मतपरिणाम कसरी सार्वजनिक हुन्छन् ?

आइतबार साँझ मतदान सकिएसँगै मतगणना सुरु हुनेछ। मतपरिणाम आयोगको वेबसाइटमार्फत अधावधिक गरिनेछ। निर्वाचन परिणामसम्मका सम्पूर्ण तयारी पूरा भएका छन्।

प्रेरक प्रसंग

बालशिक्षा कहिले सुरु गर्ने ?

फ्रान्सिस वेलेन्ड पार्कर अमेरिकाका एक प्रसिद्ध शिक्षाविद् थिए। बालबालिकाको शिक्षा सम्बन्धमा उनको योगदान निकै ठुलो थियो। निकै टाढाटाढाबाट बालबालिकाको शिक्षाका सम्बन्धमा राय सल्लाह लिन उनीकहाँ मानिसको भिड लाग्ने गर्थ्यो। उनी पनि सकेसम्म सहज तरिकाबाट सबै जिज्ञासुको जिज्ञासा शान्त बनाएर पठाउने गर्थे। एकपटक शिक्षाविद् पार्कर कुनै एक स्थानमा आयोजित विशेष कार्यक्रममा बालशिक्षाबारे आफ्नो मन्तव्य दिइरहेका थिए। उनको मन्तव्य पूरा भएपछि त्यहाँ प्रश्नोत्तरको क्रम सुरु भयो। प्रश्न सोध्ने क्रममा एक महिला आफ्नो स्थानबाट उठिन् र पार्करसित प्रश्न गरिन्- महाशय, म आफ्नी छोरीको पढाइ सुरु गर्न चाहन्छु। त्यसका लागि सबैभन्दा उत्तम उमेर कुन हो ? पार्करले प्रश्न गरे- तपाईंकी छोरी कहिले जन्मिइन् ? महिलाले अचम्म मान्दै जवाफ दिइन्- छोरी त पाँच वर्षपहिल्यै जन्मिसकिन् नि !



महिलाको जवाफ सुनेपछि गम्भीर हुँदै पार्करले भने- देवीजी, तपाईंले आफ्नी छोरीका सुनौला पाँच वर्ष त्यत्तिकै बर्बाद गरिसक्नुभएछ। पठनपाठन कार्य त बालबालिकाको जन्मसँगै सुरु हुनुपर्छ। अब कत्ति पनि ढिलो नगरी फटाफट घर जानुहोस् र छोरीको शिक्षा अहिल्यैदेखि सुरु गर्नुहोस्। किनकि, ज्ञान र शिक्षाका लागि उमेरको कुनै बन्धन हुँदैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एनपिएललाई शुभकामना

हिजोदेखि नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करण सुरु भएको छ। यसै वर्षदेखि सुरु हुन लागेको एनपिएललले पहिलो वर्षमै निकै राम्रो सम्भावना देखाएको छ। विश्व क्रिकेटका नाम चलेका खेलाडीदेखि नेपाली युवा खेलाडीसमेत समेटिएका आठ फ्रेन्चाइज टिममध्ये जसले उपाधि जिते पनि त्यो नेपाल र नेपाली जनताकै जित ठहरिनेछ। यस वर्षको सुखद सुरुवातले आगामी वर्षका लागि प्रस्ट बाटो देखाउन सक्छ। त्यसैले, यो एनपिएल सफल हुनु अति जरुरी छ। हामी सबै दर्शक, आयोजक, खेलाडी तथा प्रायोजकलगायत सबैको साथ, सहयोग र सभागितालै यो एनपिएल अवश्यै सफल हुनेछ। एनपिएलमा आबद्ध सबै टिमलाई सफलताको शुभकामना !

● **गौरव जिसी**, सतुंगल, काठमाडौं

सचिव पठाउन किन आनाकानी ?

संघीय सरकारले प्रदेशमा
सचिव पठाउन आनाकानी
गर्दा प्रदेशको प्रशासन
चलाउनै कठिन हुने
गरेका गुनासा बारम्बार
मुख्यमन्त्रीहरूबाट आइरहेका
हुन्छन्। तर, संघीय सरकारले
आफूलाई मालिक प्रदेश तथा
स्थानीय सरकारलाई दासको
व्यवहार गर्दा जहिल्यै प्रदेश
र स्थानीय तहमा समस्या
सिर्जना हुने गरेको छ। यो
देशको संघीय सत्तामा बस्ने
नेतालाई प्रदेश र स्थानीय तह
चाहिएको छैन हो ? नत्र
किन यसरी आनाकानी गर्दा
हुन्, होइन त ?

● **अम्बिका केसी**
सिनामंगल, काठमाडौं

महानगरको राम्रो काम

काठमाडौं महानगरले
काठमाडौंस्थित सानो गौचरन
रंगशालालाई सुविधासम्पन्न बनाउन
लागेको समाचार सुन्दा खुसी लाग्यो।
राजधानीमा खेलकुद मैदानको
अभाव भइरहेको समयमा त्यत्तिकै
बेवारिसे अवस्थामा रहेको सानो
गौचरन रंगशालालाई सुविधासम्पन्न
बनाउनु आफैंमा सराहनीय काम
हो। अब व्यवस्थित बनाइसकेपछि
यस रंगशालालाई विभिन्न खेलकुद
प्रयोजनका लागि भाडामा दिने
व्यवस्था मिलाउन सकियो भने
एकातिर आयआर्जनको बाटो हुनेछ
भने अर्कातिर यसबाट नयाँ-नयाँ
प्रतिभाले विभिन्न प्रतिस्पर्धामा
सहभागी बन्ने अवसर पाउनेछन्।

● **अमृत लामा**
टौदह, काठमाडौं

जनतालाई सास्ती कहिलेसम्म ?

प्रजातन्त्रको मूल्य-मान्यताअनुसार दलहरू चल्न नसक्दा जनताले सास्ती खेप्नुपरेको छ। नीति, नियम, कानुन केही पनि नेताका लागि होइन, जनताका लागि मात्र हो भन्ने दृष्टान्त फेरि एकपटक कोशीका पूर्वमन्त्री लीलाबल्लभ अधिकारीलाई सरकारी वकिलले दिएको उन्मुक्तिबाट प्रमाणित भएको छ। नेतालाई भ्रष्टाचार गर्न र भ्रष्टाचारीलाई संरक्षण गर्न छुट छ। अदालतले आजीवन जेल सजाय सुनाएका व्यक्तिलाई आममाफी दिन पनि छुट छ नेताहरूलाई। प्रजातन्त्र भनेकै नेताले जनतामाथि राज गर्न परिपाटी रहेछ भन्ने प्रस्ट देखिएको छ। नेताले गरेको खराब कामको विरोध गर्न पाइँदैन, लेख्न पाइँदैन। के यसैलाई हो स्वतन्त्रता मान्ने ? वैदेशिक ऋणभारले देशको आर्थिक अवस्था नाजुक बन्दै गएकोप्रति कोही सचेत छैनन्। सबैलाई पद र शक्ति चाहिएको छ। यही देशका जनता सामान्य सिटामोल नपाएर तड्पिन्छन्, यही देशका नेतालाई रुघा लाग्दा विदेशमा उपचार गर्न सरकारी कोषबाट रकम निकासा हुन्छ।

कोशीका पूर्वमन्त्री लीलावल्लभ अधिकारीले आफू मन्त्री हुँदा नक्कली कागज बनाएर तीनजना युवालाई जापान लान लागेको वेला मानव तस्करीमा पक्राउ परेका थिए। उनीसँगै पक्राउ परेका अन्य ११ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ। मुख्य योजनाकार पूर्वमन्त्री अधिकारीलाई भने काठमाडौंका सरकारी वकिलले मुद्दा नचल्ने भनेर उन्मुक्ति दिएका छन्। योभन्दा ठुलो अत्याचार र कानुनको उपहास अर्को के नै होला र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

के अमेरिकाले सोभियत संघको नियति व्यहोर्दै छ ?

ट्रम्पको धनाढ्य र मजदुरलाई जोड्ने गठबन्धनको एक हिस्साले विश्वव्यापीकरणको समर्थन गर्छ भने अर्कोले यसलाई अस्वीकार गर्छ



देश/विदेश

● ह्यारोल्ड जेम्स

सन् १९८७ मा इतिहासकार पौल केनेडीको 'द राइज एन्ड फल अफ द ग्रेट पावर्स' पुस्तकले साम्राज्यवादी विस्तारका विषयमा चर्चा गर्दै सोभियत संघ र अमेरिकाको विश्लेषण गरेको थियो। उनको पुस्तक प्रकाशनको केही समयमै सोभियत संघ विघटन भई अमेरिका एक मात्र प्रमुख शक्ति बन्यो। तर, पछिल्ला घटनाक्रमले केनेडीको विचारमाथि पुनः विचार गर्ने समय आएको संकेत गर्छ। जुलाई २०२० मा महामारीका दौरान र डोनाल्ड ट्रम्पको पहिलो कार्यकालको अन्त्यतिर मैले 'लेट सोभियत अमेरिका' शीर्षकमा लेख लेख्दै अमेरिका राजनीतिक रूपमा अव्यवस्थित रहेकोप्रति चिन्ता व्यक्त गरेको थिएँ। प्रचुर प्रतिभा हुँदाहुँदै पनि दुई मुख्य पार्टीले उम्मेदवारलाई गैरलोकतान्त्रिक रूपमा चयन गरेका थिए र राजनीतिक रणनीतिमा प्रभाव पार्न प्रत्यक्ष भुक्तानी (स्टिमुलस चेक्स) मा निर्भर रहेका थिए।

ट्रम्पबाट राष्ट्रपति पद बाइडेनतर्फ गए पनि खासै फरक परेन। अमेरिकामा सोभियत शैलीको एकल पार्टी राज्य नभए पनि अन्तर-पार्टी लोकतन्त्रको अभाव देखिन्थ्यो। मतदाताले निराशा महसुस गरेका थिए र अत्यधिक खर्चनीति चुनावी एवं सामाजिक रणनीतिको मुख्य अंश बनेको देखिन्थ्यो, जसले अमेरिकालाई सोभियत-समयको रुसकै अवस्थामा पुऱ्याएको थियो। सोभियत संघको पतन दुई चरणमा भएको थियो। अर्थात्, वृद्ध नेतृत्व र त्यसपछि गलत अवधारणामा आधारित सुधारका प्रयास पतनका कारक थिए। सन् १९८४ मा कन्स्टान्टिन चेरेनेन्को ७२ वर्षको उमेरमा कम्युनिस्ट पार्टीका महासचिव बनेका थिए। वृद्ध चेरेनेन्कोले पूर्ववर्ती युरी आन्द्रोपोवको शोकसभामा भाषण गर्नसमेत कठिनाइ महसुस गरेका थिए। मिखाइल गोर्बाचेवले पेरिस्ट्रोइका र ग्लासनोस्तका माध्यमबाट सोभियत संघलाई पुनर्जीवित बनाउन प्रयास गरे पनि यी सुधारले सीमान्तीकरण व्यहोरेका जाति/राष्ट्र जागृत भएपछि सोभियत संघ विघटित भयो।

हाल धेरै विश्लेषकले सोभियत संघ पतनको विश्लेषणलाई अमेरिकामा लागू गरिरहेका छन् र ट्रम्पलाई गोर्बाचेवसँग तुलना गरिरहेका छन्, जसका सुधारले सोभियत संघको पतन गराएको थियो। ट्रम्प गोर्बाचेवभन्दा जेठा छन् र उनी पनि त्यस्ता एक भित्रिया हुन्, जसले आफूलाई बाहिरी र प्रणालीलाई भत्काउने व्यक्तिका रूपमा प्रस्तुत गर्छन्। चुनावमा आफ्नो रूपान्तरणकारी परियोजनालाई लुकाएका ट्रम्प अहिले आफ्ना उद्देश्य स्पष्ट गर्दै छन्। उनको 'अमेरिकालाई फेरि महान् बनाऔं' (मागा) अभियानले मजदुर वर्गका अमेरिकी (जसमा बढी एसियाली, हिस्प्यानिक र अश्वेत मतदाता पनि पर्छन्) र अत्यन्त प्रभावशाली एवं धनाढ्य प्रविधि उद्यमीलाई जोड्न सफल भएको छ।

यद्यपि मजदुर र धनाढ्यबिचको गठबन्धनमा तनावका संकेत देखिन थालिसकेका छन् र ट्रम्पका प्रस्तावित उपायले अवश्यम्भावी रूपमा मुद्रास्फीति निम्त्याउनेछ र यस्तै समस्या बाइडनले पनि व्यहोरेका थिए। नयाँ र उच्च करले जीविका लागत बढाउनेछ र एक करोड १० लाख दस्ताबेजविहीन आप्रवासीलाई देशनिकाला गर्ने प्रयासले कृषि, निर्माण र महत्त्वपूर्ण वितरण केन्द्रमा अपत्यारिलो अवस्था र श्रमिक अभाव सिर्जना गर्नेछ। त्यसैगरी, एलोन मस्क र विवेक रामस्वामीले प्रस्ताव गरेको डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसेन्सी (डोगे) का अनुसार कर्मचारीतन्त्रमा कटौती गर्दा धेरै अमेरिकी सडकमा पुग्नेछन् र यी विस्थापित मजदुर न्यून आय भएको कृषि काममा जान चाहने सम्भावना निकै कम छ।



तस्बिर : फ्रान्सिस लोचोन/गेटी इमेजेस

सिलिकन भ्यालीका समर्थक एआईले उत्पादनशीलता बढाउन सक्छ र कम सीप भएका मजदुरको तलब बढाउन सक्ने मान्छन् र यसलाई कल सेन्टर, स्वास्थ्य सेवाजस्ता क्षेत्रले पुष्टि गरेको छ। तर, यो 'छलाङ मार्ने' दर्शन र यसको व्यावहारिक प्रयोगबारे ठुलो मात्रामा परीक्षण गरिएको छैन। सिलिकन भ्यालीको मोडेल एक विश्वव्यापी सम्बन्धमा आधारित छ, जहाँ अमेरिका प्रमुख शक्ति हो। उसो त मस्क ट्रम्पको पूर्ण रूपान्तरणकारी दृष्टिकोणलाई समर्थन गर्छन्, तर उनको योजनाले परिपूरकका रूपमा प्रविधि र 'विश्वव्यापीकरण'लाई जोड्छ। उनले अमेरिका दिवालियापनतर्फ जान लागेको भन्दै परिवर्तनको माग गरेका छन्, तर अर्जेन्टिनाको कर हटाउने नीतिलाई सराहना गरिरहेका छन्। अर्थात्, उनी ट्रम्पको कर वृद्धिप्रतिको आसक्तिबारे जानकार छन् र यो अवस्थामा निकास के हुने भन्ने अनिश्चित छ।

आशावादी कोणबाट हेर्ने हो भने अमेरिकी असहयोग मात्रै ठुलो मन्दी निम्त्याउने स्तरको विश्वव्यापी व्यापार संकटको कारण बन्न सक्दैन, किनभने अमेरिका मात्र १३.५ प्रतिशत विश्वको आयातको जिम्मेवार छ। निश्चय पनि अन्य मुलुकले प्रतिकार गर्न सक्छन् वा ट्रम्पको अनुकरण गर्न सक्छन्। तर, ट्रम्पको छवि हेर्दा उनको अनुकरण गर्ने भेटिन गाह्रै छ। उदाहरणका लागि ब्रेग्जिटले अन्य युरोपियन युनियन विरोधीमाझ के-कस्तो प्रतिरोधी प्रभाव पारेको थियो, त्यसैलाई हेर्दा हुन्छ वा अधिकांश सोभियत मूलका राष्ट्र नयाँ मानसिकता अपनाउन कति इच्छुक थिए भन्ने हेर्दा पनि हुन्छ। ट्रम्पको गठबन्धनको एक हिस्साले विश्वव्यापीकरणको समर्थन गर्छ भने अर्कोले अस्वीकार गर्छ। विडम्बना के छ भने मुलुकभित्रै खुम्चिने संरक्षणवादी प्रयासबाट सबैभन्दा बढी पीडा मजदुर वर्गले नै अनुभव गर्नेछन्। ट्रम्पको नीति एजेन्डा यदि कार्यान्वयनमा आयो भने यसले अवश्यम्भावी रूपमा असन्तोष, विरोध र षड्यन्त्रका सिद्धान्तको नयाँ लहर उत्पन्न गर्नेछ।

सोभियत संघको अन्त्यपछि यही अवस्था निम्तिएको थियो। तीव्र एवं अचानक हुने परिवर्तनले धेरै समस्या निम्त्यायो र प्रभावित विमुख महसुस गर्ने समूहका हिस्सा बने। अहिले अमेरिकामा पनि यस्तै अवस्था देखिन थालेको छ। र, रुस यही कुरेर बसिरहेको छ।

(जेम्स प्रिन्सटन विश्वविद्यालयका इतिहास एवं अन्तर्राष्ट्रिय मामिलाका प्राध्यापक हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सिरियाको अलेप्पो सहर विद्रोहीको नियन्त्रणमा



दमास्कस/ सिरियाको अलेप्पो सहरको अधिकांश भाग विद्रोही समूहले नियन्त्रणमा लिएको छ। सिरियाली सेनाले विद्रोहीहरू अलेप्पोको ठुलो भागमा प्रवेश गरेको स्वीकार गर्दै सरकार पक्षधर सशस्त्र बलका दर्जनौँ व्यक्ति मारिएका र अन्य घाइते भएका बताएको छ। दुई महिना लामो युद्धपछि इजरायल र इरान समर्थित हिजबुल्लाह समूहबिच छिमेकी लेबनानमा युद्धविराम लागू भएकै दिन बुधबारदेखि लडाकुहरूले इरानी र रुसी समर्थित सिरियाली सरकारका सेनाविरुद्ध व्यापक आक्रमण गरिरहेका छन्। बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) ले भनेको छ, 'विद्रोहीले सहरका अधिकांश भूभाग, सरकारी कार्यालय र कारागारलाई नियन्त्रणमा लिएका छन्।'

अलकायदाको पूर्वीसिरिया शाखाको नेतृत्वमा रहेको जिहादी गठबन्धन (एचटिएस) ले सिरियाको उत्तरपश्चिममा रहेको इदलिब क्षेत्रको केही भागका साथै छिमेकी अलेप्पो, हामा र लाटकिया प्रान्तका केही भागमा नियन्त्रण जमाएको छ। आक्रमणमा टर्कीसमर्थित विद्रोही समूह पनि समावेश रहेको बताइएको छ। यसैबिच, सिरियाली राष्ट्रपति बसर अल असद नेतृत्वको सरकारलाई सहयोग गर्दै आएको रुसले आफ्ना लडाकु विमानले सन् २०१६ पछि पहिलोपटक अलेप्पो सहर क्षेत्रमा आक्रमण गरेको सिरियाली युद्ध अनुगमनकारी संस्थाले जनाएको छ।

एएफपी टिभीको तस्बिरमा हवाई आक्रमणपछि सहरको केही भागमा व्यापक आगलागी भएको देखिएको छ भने सडकहरू सुनसान देखिएका छन्। सिरियाली टेलिकमको भवन र ऐतिहासिक किल्लाबाहिर विद्रोहीले खुसियाली मनाइरहेको देख्न सकिन्छ। केही विद्रोहीले सहरको केन्द्रमा प्रार्थना गरेका थिए र उत्सवमा गोली चलाएका थिए भने कतिपयले अलेप्पोमा पैदल गस्ती गरिरहेका थिए।

सिरियाली सेनाले सशस्त्र विद्रोही समूहहरूले अलेप्पो र इदलिब मोर्चामा विभिन्न कोणबाट व्यापक आक्रमण गरेको र १०० किलोमिटर (६० माइल)भन्दा बढी दूरीमा भीषण युद्ध भएको बताएको छ। सिरियाली युद्ध अनुगमनकारी संस्थाका अनुसार रातभर भएको हवाई आक्रमणमा विद्रोहीहरूले उत्तरका दर्जनौं सहर र गाउँ कब्जामा लिएका थिए। अलेप्पोमा केही दिनयता भएको झडपमा मृत्यु हुनेको संख्या शनिबारसम्म ३११ पुगेको छ।

सिरियामा सन् २०११ मा राष्ट्रपति बशर अल असदको सेनाले प्रजातन्त्र पक्षधर प्रदर्शनकारीलाई दमन गरेपछि गृहयुद्ध सुरु भएको थियो। त्यसयता सिरियामा पाँच लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ, लाखौँ विस्थापित भएका छन् र देशको पूर्वाधार र उद्योगधन्दामा व्यापक क्षति भएको छ। पछिल्ला वर्षहरूमा यो द्वन्द्व जिहादी र असदका सहयोगी रुस, इरान र हिजबुल्लाहलगायत विदेशी शक्तिहरूबिचको जटिल युद्धमा परिणत भएको छ। सेनाले युद्धमा गुमेको अधिकांश भूभागमा पुनः नियन्त्रण कायम गरे पनि जिहादी र उनीहरूका सहयोगीहरू रहेको क्षेत्रमा सन् २०२० देखि युद्धविराम भएको थियो।

सिरियाको छिमेकी र असद विरोधी विद्रोहलाई समर्थन गर्ने टर्की समर्थित जिहादी र अन्य समूहले यसै साता सरकारी सेनाविरुद्ध ठूलो आक्रमण सुरु गरेका थिए।

भारतमा आँधीको चेतावनीपछि विद्यालय बन्द

नयाँदिल्ली/ भारतको दक्षिण क्षेत्रमा आएको शक्तिशाली चक्रवाती आँधीका कारण विद्यालय बन्द गरिनुका साथै सयौँ मानिसलाई सुरक्षित स्थलमा सारिएको छ। चक्रवात फेंगलले ७०-८० किलोमिटर प्रतिघण्टाको हावाका साथ तमिलनाडु राज्यमा अवतरण गर्ने पूर्वानुमान गरिएको भारतको मौसम ब्युरोले जनाएको छ। पूर्वानुमानले माछा मार्ने मानिसलाई पानीबाट टाढा रहन आग्रह गर्दै बढ्दो छालले तल्लो तटीय क्षेत्रमा बाढीको खतरा निम्त्याउने जनाएको छ। तमिलनाडुका धेरै जिल्लामा विद्यालय तथा कलेज बन्द गरिनुका साथै कम्तीमा ४७१ जनालाई राहत शिविरमा सारिएको इकोनोमिक टाइम्स अखबारले जनाएको छ।

पछिल्लो समयमा चक्रवातहरू उत्तरी अटलान्टिकमा आँधीबेहरी वा उत्तरपश्चिमी प्रशान्तमा टाइफुन जस्तै उत्तरी हिन्द महासागरमा नियमित खतराको रूपमा देखा परेका छन्। यस हप्ताको सुरुमा श्रीलंकाको तटमा फेंगलले ६ जना बालबालिकासहित कम्तीमा १२ जनाको ज्यान लिएको थियो। वैज्ञानिकहरूले जीवाश्म इन्धनको जलनबाट सिर्जित जलवायु परिवर्तनका कारण विश्वको तापमान वृद्धि हुँदा आँधीबेहरी अझै शक्तिशाली हुँदै गइरहेको बताएका छन्।

इतिहासमा आज

डिसेम्बर १



सन् २००९

लिस्वियन सन्धि कार्यान्वयनमा आयो।
युरोपेली मुलुकको संविधानको आधारसमेत मानिने यो सन्धिमा सन् २००७ मा १३ देशले हस्ताक्षर गरेका थिए। लिस्वियन सन्धिले म्यास्ट्रिच सन्धि र रोम सन्धिलाई संशोधन गरेको हो।

- **सन् १९१८** : आइसल्यान्ड अधिराज्य स्थापना भयो। डेनमार्कसँगको एउटा कानुनमा हस्ताक्षरपछि आइसल्यान्ड स्थापना गरिएको थियो। कानुनले आइसल्यान्डलाई सार्वभौम देशको मान्यता दिएको थियो।
- **सन् १९१९** : ब्रिटीस हाउस अफ कमनमा पहिलो महिला निर्वाचित। नेन्सी एस्टर बेलायतको संसद्को तल्लो सदन हाउस अफ कमनमा आबद्ध हुने पहिलो महिला हुन्।
- **सन् १९४३** : तेहरान सम्मेलन सम्पन्न भयो। अमेरिका, बेलायत र सोभियत युनियनले उक्त सम्मेलन आयोजना गरेका हुन्। फ्रान्समा जर्मनीविरुद्ध दोस्रो मोर्चा र जापानविरुद्ध सोभियत युनियनको युद्ध घोषणासँगै तेहरान सम्मेलन सम्पन्न भएको थियो।
- **सन् १९५८** : फ्रान्सको उपनिवेश उवांगी सारीले स्वायत्त भएको घोषणा गर्‍यो। त्यसको दुई वर्षपछि उसले स्वतन्त्र भएको घोषणा गरेको थियो। फ्रान्सबाट स्वतन्त्र भएपछि यसको नाम मध्य अफ्रिकी रिपब्लिक राखियो।
- **सन् १९८९** : पूर्वी जर्मनीको संसद्ले आफ्नो संविधान परिवर्तन गर्‍यो। संशोधनले कम्युनिस्ट पार्टीलाई राज्यमा प्रमुख भूमिका दिने खण्डलाई खारेज गर्‍यो।
- **सन् १९९१** : युक्रेनका मतदाताले सोभियत संघबाट स्वतन्त्रताका लागि जनमत संग्रहलाई व्यापक रूपमा अनुमोदन गरे।

हमास वार्ता प्रतिनिधिमण्डल कायरोमा

गाजासिटी/ गाजापट्टीमा युद्धविराम सम्झौताका लागि इजिप्टका अधिकारीसँग वार्ता गर्न हमासको उच्चस्तरीय प्रतिनिधिमण्डल शनिबार कायरो पुगेको छ। प्रतिनिधिमण्डलले इजिप्टका अधिकारीसँग चलिरहेको द्वन्द्व अन्त्य गर्ने सहमतिबारे छलफल गरेको छ। इजिप्टको अनुरोधमा वार्ता सुरु गरिएको हमासले जनाएको छ। छलफल हमास इजरायली सेना फिर्ता गर्न र विस्थापित मानिसलाई फर्कन अनुमति दिने विषयमा केन्द्रित थियो। उक्त छलफलमा मानवीय सहायताको प्रवेश पनि समावेश हुनेछ। इजरायलले सन् २०२३ अक्टोबर ७ देखि हमासविरुद्ध ठुलो मात्रामा आक्रमण गरिरहेको छ। आक्रमणमा हालसम्म लगभग १२ सय इजरायली मारिएका छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/१६

यस बैंकको शाखा कार्यालय सलकपुर, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

श्री गोपाल बहादुर विश्वकर्माकी छोरी, श्री बल बहादुर दर्जीकी बुहारी, श्री डम्बर बहादुर दर्जीकी श्रीमती, धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. २, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ८ बस्ने श्रीमती **सुस्मिका सुन्चेउरी** (ना.प्र.न: ०७-०१-६९-०१३०९, जारी मिति: २०६९/०४/२३, जि.प्र. का. धनकुटा)

जमानीकर्ताको नाम र ठेगाना

श्री महाविर दर्जी को नाती, श्री बल बहादुर दर्जी को छोरा, श्रीमती सुस्मिका सुन्चेउरीको पति तेहथुम्र जिल्ला, म्याङ्गलुङ्ग न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ८ बस्ने श्री **डम्बर बहादुर दर्जी** (ना.प्र.न: ३९२६८-३७५, जारी मिति: २०५९/११/२०, प्रथम प्रतिलिपि मिति:२०७८/०८/०८ जि.प्र. का. तेह्रथुम)

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बलम्बु, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुदा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : सुमीत्रा रोक्का ना.प्र.नं. ४१८०३, जि.प्र.का. काठमाडौं जारी मिति : २०६३/०७/२३ पतिको नाम : किरण खड्का ससुराको नाम : वागमल खड्का ठेगाना : काठमाडौं जिल्ला, नैकाप न.भ. वडा नं. ६ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १४	नाम : किरण खड्का ना.प्र.न. २०३४३, जि.प्र.का. बझाङ जारी मिति : २०६०/६/२८ बाबुको नाम : वागमल खड्का बाजेको नाम : घनश्याम खड्का ठेगाना : बझाङ जिल्ला, कैलाश गा.वि.स. वडा नं. ५ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १४
	धितोको विवरण	
	१. सुमीत्रा रोक्काको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँ नैकाप वडा नं. ६ स्थित कित्ता नं. ९५ को क्षेत्रफल ५०.०० ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. धनी ज्योति विकास बैंक लि. भई ऋणी सुमीत्रा रोक्काको नाममा यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको बाग्मती प्रदेश-०१-००६ ख २३८२ को च्यासिस नं. MC2C1CRC0MD491145, इन्जिन नं. E413CDMD349031 को Eicher Pro 1080 XP C DSD Truck मोडेलको सवारी साधन।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बलम्बु, काठमाडौं, फोन नं. ०१-४३१२६२२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.
रजिष्टर्ड कार्यालय : कालिकास्थान-२९, काठमाडौं, फोन नं: ०१-४५४३५४५
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np
को

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

लिबर्टी ईनर्जी कम्पनी लिमिटेडको मिति २०८१/०७/२० गते सम्म कायम साविक शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ ०.५० शेयर (१:०.५०) को अनुपातमा प्रति शेयर रु. १००/- अंकित दरको ७५,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला **आज मिति २०८१/०८/१६ गते आइतबार देखि मिति २०८१/०९/०७ गते (बैकिङ्ग समय) सम्म** गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु

१.	श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, वेवसाइट : www.prabhucapital.com
२.	श्री लिवर्टी ईनर्जी कम्पनी लिमिटेड का.म.न.पा.वडा नं.२९, कालिकास्थान, वेवसाइट: www.libertyenergy.com.np
३.	**सर्वसाधारण शेयर धनीहरुको हकमा :**
	नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ। साथै, निम्न अनुसारको स्थानहरुबाट समेत हकप्रद शेयरको आवेदन बुझाउन सकिनेछ। क. प्रभु बैंक लि., बेशिसहर, लमजुङ। ख. नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., भोटेओडार, लमजुङ। ग. ग्लोबल आईएमई बैंक लि., दोर्दी, लमजुङ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा प्रभु क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री लिवर्टी ईनर्जी कम्पनी लिमिटेडको वेभसाइट www.libertyenergy.com.np वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेडको वेभसाइट www.prabhucapital.com मार्फत हेर्न सकिनेछ।

अन्य विस्तृत जानकारीको लागि मिति २०८१/०८/०७ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट : www.prabhucapital.com वा निष्काशन कम्पनीको वेभसाइट: www.libertyenergy.com.np मा हेर्नुहुन अनुरोध गर्दछौ।

नोट : लिबर्टी ईनर्जी कम्पनी लिमिटेडको हकप्रद शेयर निष्काशनको क्रममा लगानीकर्ताहरुको गुनासो सुन्ने तथा त्यसको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको इमेल elisha.karki@prabhucapital.com वा फोन नं. ०१-५९७०२००, ext. ३०४ मा र कम्पनीको ईमेल liberty@libertyenergy.com.np वा फोन नं. ०१-४५४३५४५ मा व्यवस्था गरिएको छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
Prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

आँधीखोला कृषि तथा पशुपालन फार्म लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१६)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०८/०७ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको **पाँचौ वार्षिक साधारण** सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८१/०९/१४
समय : दिनको ११:०० बजे।
स्थान : शेरचन गेष्ट हाउस, पुतलीवजार न.पा. वडा नं. १, स्याङ्जा।

छलफलका विषयहरू :

क) सामान्य प्रस्ताव

१) संचालक समितिको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धमा।
३) आ.व. २०८०/८१ मा थप शेयर खरिद गरेका शेयरधनीहरूलाई सेयर प्रमाण पत्र प्रदान गर्ने।
४) आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियूक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
५) कम्पनी ऐन २०६३ को दफा ७५ वमोजिम साधारण सभामा भएको काम कारवाहीको विवरण (माइन्युट) मा दस्तखत गर्न १ जना शेयरधनीको नियुक्त गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्ताव

१) कम्पनीको प्रवन्ध पत्र संसोधन गर्ने सम्बन्धमा।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले
अध्यक्ष

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभामा मिति २०८०/०३/२४ सम्म शेयरधनी दर्ता कितावमा कायम रहेका शेयरधनीहरूले भाग लिन सक्नेछन्।
२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, पुतलीवजार, स्याङ्जामा अथवा कम्पनीको इमेल, a.krishitathapashufarm@gmail.com मा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ।
३. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो, उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफैं उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वत: बदर हुनेछ।
४. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।
५. सभामा भाग लिन इच्छुक शेयरधनीहरूले सरकारी कार्यालयबाट जारी भएको परिचय खुल्ने फोटो सहितको परिचयपत्र साथमा लिई आउनु पर्नेछ।
६. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, पुतलीवजार, स्याङ्जा अर्थात फोन +९७७ ९८६१०९६२६४ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल मंसिर महिना १६ गते आइतबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउ नु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : मिर्चैया शाखा **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण
जगदेव यादवको नाति राम प्रताप यादवको छोरा सिरहा जिल्ला डुमरी वडा नं. ६ हाल, कल्यानपुर न.पा. वडा नं. ९ बस्ने **संदिप कुमार यादव** (ना.प्र.नं. : १५११०२/३८ जारी मिति र जिल्ला : २०६४/०९/२७, सिरहा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) नन्दी यादवको नाति जगदेव यादवको छोरा सिरहा जिल्ला डुमरी वडा नं. ६ हाल, कल्यानपुर न.पा. वडा नं. ९ बस्ने **राम प्रताप यादव** (ना.प्र.नं. : २२४१/५३९ जारी मिति र जिल्ला : २०४४/११/३०, सिरहा)
२) जगदेव यादवको बुहारी राम प्रताप यादवको पत्नीसिरहा जिल्ला डुमरी वडा नं. ६ हाल, कल्यानपुर न.पा. वडा नं. ९ बस्ने **सामुन्द्री कुमारी यादव** (ना.प्र.नं. : १७६ जारी मिति र जिल्ला : २०६२/०७/०७, सिरहा)
३) जगदेव यादवको नाति राम प्रताप यादवको छोरासिरहा जिल्ला डुमरी वडा नं. ६ हाल, कल्यानपुर न.पा. वडा नं. ९ बस्ने **चन्दन कुमार यादव** (ना.प्र.नं. : १५-०१-७३-०५८९४ जारी मिति र जिल्ला : २०७३/०७/०७, सिरहा)
४) राम प्रताप यादवको बुहारी संदिप कुमार यादवको पत्नी सप्तरी जिल्ला लालापती वडा नं. ३ हाल, कल्यानपुर न.पा. वडा नं. ९ बस्ने **काजल यादव** (ना.प्र.नं. : १६ -०१-७२-०३४३५ जारी मिति र जिल्ला : २०७२/०४/११, सप्तरी)

२. शाखा कार्यालय : गोपीगन्ज शाखा **कर्जा शीर्षक : व्यावसायिक आवधिक कर्जा**

ऋणीको विवरण
नाम : **ओम ट्रेडर्स** प्रोप्राइटरको नाम : राजेन्द्र चौधरी प्रा.फ.र.नं. : ७१२/५५४५/०७० दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय,नवलपरासी दर्ता मिति : २०७०/१०/१५ रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०१७६३५५९
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) विन्देश्वरी थारुको नाति किसन बहादुर चौधरीको छोरा नवलपरासी जिल्ला जमुनीया गा.वि.स. वाड नं. १ हाल, बर्दघाट वडा नं. १३ बस्ने **राजेन्द्र चौधरी** (ना.प्र.नं. ८३४०० जारी मिति र जिल्ला : २०६२/०७/२७, नवलपरासी)
२) किसन बहादुर चौधरीको बुहारी राजेन्द्र चौधरीको पत्नी नवलपरासी जिल्ला जमुनीया गा.वि.स. वाड नं. १ हाल, बर्दघाट वडा नं. १३ बस्ने **लाल कुमारी चौधरी** (ना.प्र.नं. : ३६१०४१/२८४ जारी मिति र जिल्ला : २०६६/०६/२५, नवलपरासी)
३) किसन बहादुर चौधरीको बुहारी विनोद चौधरीको पत्नी नवलपरासी जिल्ला जमुनीया गा.वि.स. वाड नं. १ हाल, बर्दघाट वडा नं. ७ बस्ने **आनन्द कुमारी चौधरी** (ना.प्र.नं. : ३६३०६१/३९१ जारी मिति र जिल्ला : २०६३/११/१७, नवलपरासी)
४) जगन थारुको नाति विन्देश्वरी थारुको छोरा नवलपरासी जिल्ला जमुनीया गा.वि.स. वाड नं. १ हाल, बर्दघाट वडा नं. १३ बस्ने **किसन बहादुर थारु** (ना.प्र.नं. : २१३९१ जारी मिति र जिल्ला : २०३६/०४/१८, नवलपरासी)
५) विन्देश्वरी थारुको नाति किसन बहादुर चौधरीको छोरा नवलपरासी जिल्ला जमुनीया गा.वि.स. वाड नं. १ हाल, बर्दघाट वडा नं. ७ बस्ने **विनोद चौधरी** (ना.प्र.नं. : ७५६२८ जारी मिति र जिल्ला : २०६९/०१/१२, नवलपरासी)
६) विन्देश्वरी थारुको बुहारी किसन बहादुर चौधरीको पत्नी नवलपरासी जिल्ला कुडिमा गा.वि.स. वाड नं. २ हाल, बर्दघाट वडा नं. १३ बस्ने **मोती कुमारी थारु** (ना.प्र.नं. : ९० जारी मिति र जिल्ला : २०४५/०१/२२, नवलपरासी)

३. शाखा कार्यालय : बुटवल शाखा **कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण
नाम : **रोयल इम्पेरियल इन्डष्ट्रिज प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : मन्जु क्षेत्री दर्ता नं. : ३२१८८०/०८०/०८१ दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०८०/०६/२५ रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. १ स्थायी लेखा नं. : ६१९७९३७२२
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) यम बहादुर कार्कीको बुहारी गोविन्द बहादुर कार्कीको पत्नी रुपन्देहि जिल्ला देवदह न.पा. वडा नं. ७ हाल, बुटवल वडा नं. ९ बस्ने **मन्जु क्षेत्री** (ना.प्र.नं. ४३०८५ जारी मिति र जिल्ला : २०६४/०२/१५, रुपन्देही)
२) जगत बहादुर कार्कीको नाति यम बहादुर कार्कीको छोरा गुल्मी जिल्ला दरबारदेविस्थान गा.वि.स. वाड नं. २ हाल, बुटवल वडा नं. ९ बस्ने **गोविन्द बहादुर कार्की** (ना.प्र.नं. : ४११०१२/६५७२६ जारी मिति र जिल्ला : २०६४/०२/०२, गुल्मी)
३) जगत बहादुर कार्कीको नाति यम बहादुर कार्कीको छोरा गुल्मी जिल्ला दरबारदेविस्थान गा.वि.स. वाड नं. २ हाल, बुटवल वडा नं. ९ बस्ने **कुलदिप कार्की** (ना.प्र.नं. : ४११०१२/७७८९२ जारी मिति र जिल्ला : २०६६/०१/०२, गुल्मी)
४) जगत बहादुर कार्कीको बुहारी यम बहादुर कार्कीको पत्नी गुल्मी जिल्ला दरबारदेविस्थान गा.वि.स. वाड नं. २ हाल, बुटवल वडा नं. ९ बस्ने **ओमकला कार्की** (ना.प्र.नं. ४१९०८० जारी मिति र जिल्ला : २०४५/०१/०३, गुल्मी)
५) प्रेम बहादुरको नाति जगत बहादुर कार्कीको छोरा गुल्मी जिल्ला दरबारदेविस्थान गा.वि.स. वाड नं. २ हाल, बुटवल वडा नं. ९ बस्ने **यम बहादुर कार्की** (ना.प्र.नं. : ४१५११ जारी मिति र जिल्ला : २०४६/०१/२१, गुल्मी)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १६ मंसिर ०८१

चोभार बन्दरगाहबाट तीन वर्षमा २ अर्बको आयात, निर्यात २ करोडको

पछिल्ला दुई आर्थिक वर्षमा चोभारबाट हुने निर्यात शून्य

कृष्ण रिजाल/नयाँ पत्रिका

सञ्चालनमा आएको तीन वर्ष पुग्नै लाग्दा चोभार सुक्खा बन्दरगाहबाट आयात व्यापार बढ्न थाले पनि निर्यात भने शून्यप्रायः छ। २२ चैत ०७८ देखि सञ्चालनमा आएको काठमाडौंस्थित चोभार सुक्खा बन्दरगाहबाट हालसम्म दुई अर्ब १० करोडबराबरको वस्तु आयात हुँदा निर्यात भने दुई करोडबराबरको मात्रै भएको छ।


यो बन्दरगाहको सञ्चालनबाट काठमाडौं र आसपासबाट हुने निर्यात प्रवर्द्धनमा समेत योगदान मिल्ने अपेक्षा गरिएको थियो। तर, सञ्चालनको साढे दुई वर्ष बितिसक्दासमेत निर्यातका गतिविधि हुन सकेको देखिँदैन। नाकासँग नजोडिएको नेपालकै पहिलो सुक्खा बन्दरगाहले आयात-निर्यात व्यापारलाई थप सहज गर्ने तथा लागत घटाउने अपेक्षा गरिएको थियो।

बन्दरगाह सञ्चालनको उद्घाटन कार्यक्रममा नेपाल इन्टरमोडेल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले 'बन्दरगाह सञ्चालनले देशमा बढ्दो व्यापार घाटालाई कम गर्न निर्यात प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको' बताएका थिए। तर, आयातका गतिविधि बढ्न थाले पनि निर्यात भने हुन सकेको देखिँदैन।

भन्सार विभागका अनुसार चोभार सुक्खा बन्दरगाह सञ्चालनमा आएयता चोभार भन्सारबाट दुई अर्ब १० करोड नौ लाख ७३ हजार रुपैयाँको आयात भएको छ। त्यस्तै, निर्यात भने एक करोड ९९ लाख ९८ हजार रुपैयाँबराबरको मात्रै भएको विभागको तथ्यांक छ। सुरुका दुई आर्थिक वर्षमा सामान्य निर्यात भए पनि पछिल्ला दुई आर्थिक वर्षमा भने चोभारबाट हुने निर्यात शून्य छ।

चालू आर्थिक वर्ष ०८१/८२ को कात्तिकसम्ममा चोभार भन्सार हुँदै ३९ करोड ४५ लाख ३० हजारबराबरका मालवस्तु भित्रिएका छन्। जुन उक्त अवधिको कुल आयातको ०.०८ प्रतिशतबराबर हो। तर, यस अवधिमा निर्यात भने शून्य छ। त्यसअघि आर्थिक वर्ष ०८०/८१ मा चोभारबाट ९६ करोड ५२ लाख ६१ हजार रुपैयाँबराबरका वस्तु भित्रिएका थिए। कुल आयातमा यस बन्दरगाहको हिस्सा ०.०६ प्रतिशत रहेको थियो। उक्त आवमा चोभारबाट निर्यात भने हुन सकेन।

आर्थिक वर्ष ०७९/८० चोभारबाट ६४ करोड २३ लाख पाँच हजार रुपैयाँको आयात हुँदा एक करोड ४४ लाख २८ हजार रुपैयाँ निर्यात भएको थियो। जुन उक्त आवको कुल निर्यातको ०.०१ प्रतिशतबराबर हुन आउँछ। त्यसअघि आर्थिक वर्ष ०७८/७९ मा चोभारबाट नौ करोड ८८ लाख ७७ हजार रुपैयाँबराबरको आयात हुँदा ५५ लाख ७० हजार रुपैयाँबराबरको निर्यात भएको थियो, जुन कुल निर्यातमा नगण्य हिस्सा हुन आउँछ।



फाइल तस्बिर : नयाँ पत्रिका

विश्व बैंकको ऋण सहयोगमा निर्माण भएको चोभार सुक्खा बन्दरगाहको कुल लागत एक अर्ब ५४ करोड रुपैयाँ रहेको छ। करिब दुई सय ६० रोपनी क्षेत्रफलमा फैलिएको बन्दरगाहमा भन्सार, क्वारेन्टिन, बैंकलगायत निकायको उपस्थिति रहेको छ।



बन्दरगाहमा लोड-अनलोड भवन तीनवटा, गोदाम घर तीनवटा, प्रशासनिक भवन तीनवटा, एप्राइजल सेड तीनवटा, धर्मकाँटा तीनवटा, कन्टेनर यार्ड, विद्युत् सबस्टेसन, बाउन्ड्री लाइट, अन्य सवारी पार्किङलगायतका संरचना रहेका छन्। बन्दरगाहको कन्टेनर यार्डमा पाँच सयवटा कन्टेनर र पाँच सयवटा ट्रक राख्न मिल्ने ६५ हजार वर्गमिटर पार्किङ क्षेत्र रहेको छ।

बन्दरगाहाले आयात-निर्यातमा सहजीकरण मात्रै गर्ने हो

● **आशिष गजुरेल**, कार्यकारी निर्देशक
नेपाल इन्टरमोडेल यातायात विकास समिति

आयात-निर्यातको काम गर्ने सुक्खा बन्दरगाहले होइन। हामीले सहजीकरणको काम मात्रै गर्ने हो। उद्योगीहरूले उत्पादन गरेर निर्यात गर्नका लागि आए भने हामी सहजीकरण गर्नका लागि पूर्ण रूपमा तयार छौं। हामीसँग सम्पूर्ण पूर्वाधार नै तयार भइसकेको छ। तर, हामीसँग निर्यात गर्ने उत्पादन अत्यन्त कम हुँदा आयात मात्र भएको देखिन्छ, निर्यात नगण्य देखिएको छ। जसले गर्दा बाहिरबाट हेर्दा बन्दरगाहले आयात मात्र गर्‍यो, निर्यात गर्न सकेन भन्ने देखिन्छ। खासमा बन्दरगाह आफैंले आयात-निर्यात गर्ने होइन, यसलाई सहजीकरण गर्ने नै हो।



निर्यात गर्नलाई त सबैभन्दा पहिला निर्यातयोग्य वस्तु उत्पादन तयार गर्नुपर्‍यो र उद्योगीहरू तयार हुनुपर्‍यो। तराई क्षेत्रका बन्दरगाहबाट निर्यात भइरहेको छ, तर काठमाडौं र उत्तरी नाकाबाट निर्यात गर्न मिल्ने उत्पादन कम तयार हुँदा निर्यात नगण्य देखिएको हो।

पेट्रोलको मूल्य बढ्यो

काठमाडौं/ नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ। शनिबार राति १२ बजेपछि लागू हुने गरी पेट्रोलको मूल्य प्रतिलिटर एक रुपैयाँ बढेको छ। त्यस्तै, हवाई इन्धनको मूल्य आन्तरिकतर्फ प्रतिलिटर दुई रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर १५ डलरले बढाइएको निगमले जनाएको छ। डिजेल र मट्टीतेलको मूल्यमा भने कुनै परिवर्तन गरिएको छैन। काठमाडौं उपत्यकामा एक लिटर पेट्रोलको मूल्य एक सय ६० रुपैयाँ कायम गरिएको छ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

सेवा करारमा कृषि स्नातक र पशु चिकित्सक पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१६ गते

यस चौतारा साँगाचोकगढी नगरपालिकामा देहाय बमोजिमको पद खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तोकिए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	विज्ञापन नं.	पद	तह	माग पद संख्या
१.	०४/२०८१/०८२	कृषि स्नातक	अधिकृतस्तर छैठौं	१ (एक)
२.	०५/२०८१/०८२	पशु चिकित्सक	अधिकृतस्तर छैठौं	१ (एक)

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता**
क. कृषि स्नातक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने।
ख. पशु चिकित्सक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भई परिषदमा दर्ता भएको हुनुपर्ने।
२. **उमेरको हद :** २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। (महिलाको हकमा ४० वर्ष ननाघेको)
३. **दरखास्त दिने अन्तिम मिति :** २०८१/०८/३० गते कार्यालय समयसम्म।
४. परीक्षा मिति पछि प्रकाशन गरिनेछ।
५. दरखास्त पेश गर्ने अन्तिम मितिका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयसम्म दरखास्त पेश गर्न सकिनेछ।
६. **दरखास्त बुझाउने स्थान :** चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, प्रशासन शाखा, सिन्धुपाल्चोक।
७. **दरखास्त दस्तुर :** रु.१,०००/- (एक हजार) यस कार्यालयको राजश्व शाखामा बुझाई सक्कलै रसिद पेश गर्नुपर्नेछ।
८. **करार सेवाको अवधि :** २०८२ असार मसान्त सम्म।
९. **कर्मचारीको सेवा, शर्त तथा सुविधा :** नियमानुसार।
१०. **परीक्षाको किसिम :** लिखित परीक्षा र अन्तर्वार्ता।
११. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु :**
क. निवेदन।
ख. नेपाली नागरिकताको प्रमाणपत्र।
ग. न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण-पत्र तथा चारित्रिक प्रमाण-पत्रको छायाँप्रति।
घ. पशु चिकित्सकको हकमा परिषदमा दर्ता भएको प्रमाण पत्र।
ङ. तालिमको प्रमाण पत्र तथा अनुभव भए सो सम्बन्धी प्रमाणपत्र।
च. २ प्रति पासपोर्ट साइजको फोटो।


नोट : दरखास्त फाराम यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय तथा चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाइट chautarasangachowkgadhimun.gov.np मार्फत् प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

आत्मनिर्भरको बाटोमा टायल उद्योग

भारतीय साझेदारी बढ्दै

- कजरिया, सोमानीलगायत भारतीय प्रख्यात ब्रान्डका टायल नेपालमा उत्पादन हुँदै
- पशुपति, नेपोभिट, कजरिया र सोमानी टायल उद्योगमा नेपाली र भारतीय लगानीकर्ताको साझेदारी
- साझेदारीमा खोलिएका टायल उद्योगहरूमा भारतीय पुँजी, प्रविधिसँगै सीप पनि



नवीन अर्याल/नयाँ पत्रिका

नेपालको टायल उद्योगमा भारतीय साझेदारी बढेको छ। सोमानीदेखि कजरियासम्म भारतका प्रतिष्ठित टायल कम्पनीले नेपालमा अत्याधुनिक उद्योगमा लगानी थप गरिरहेका छन्। अहिले स्वदेशी तथ विदेशी लगानीका भन्डै एक दर्जन उद्योगहरू सञ्चालनको तयारीमा रहेको उद्योगीहरू बताउँछन्। सबै उद्योग सञ्चालनमा आउँदा टायलमा आत्मनिर्भर हुने मात्र होइन, निर्यातसम्म गर्न सकिने अवसर रहेको उनीहरूको भनाइ छ।

ठुलो क्षमताका चारवटा टायल उद्योगमा नेपाली र भारतीयले लगानीकर्ताले १० अर्बभन्दा बढी लगानी गर्ने देखिएको छ। नवलपरासीमा रहेको कजरिया र बाराको सिमरा सेजमा रहेको पशुपति टायल उद्योगले उत्पादन सुरु गरिसकेका छन्। सोमानीको भैरहवामा र नेपोभिटको सिमरा सेजभित्र उद्योगको काम चलिरहेको छ। यसअघि नै बारा-पर्सा औद्योगिक करिडोरमा नेपोभिट टायल उत्पादन सुरु भइसकेको छ। भारतबाट आयात गरेर बिक्री गरिँदै आएका यस्ता चर्चित टायल अब स्वदेशमै उत्पादन २५ प्रतिशतसम्म सस्तो पर्ने उद्योगीहरू बताउँछन्।

बजारमा स्थापित ब्रान्डसँग साझेदारी गर्दा बजारीकरणमा समस्या नहुने मुरारका समूहका प्रबन्ध निर्देशक पशुपति मुरारकाले बताए। उनले भारतको चर्चित टायल कम्पनी सोमानीसँगको साझेदारीमा भैरहवामा उद्योग सञ्चालनको तयारी गरिरहेका छन्। दुई अर्ब लगानीमा खुल्ने टायल उद्योगमा मुरारका समूहको ७० प्रतिशत र सोमानी समूहको ३० प्रतिशत लगानी हुनेछ। टायल उद्योगमा भारतीय पुँजी, प्रविधिसँगै सीप पनि भित्रिएको उनको भनाइ छ।

कजरिया सेरामिक्स र नेपालको रमेश कर्पको संयुक्त लगानीमा सञ्चालन भएको उद्योगबाट नवलपरासीमा टायल उत्पादन सुरु भएको छ। कजरिया भारतको अग्रणी टायल उत्पादक कम्पनी मानिन्छ। चार अर्ब लगानी रहेको कजरिया टायलमा नेपाली र भारतीय लगानीकर्ताको ५०-५० प्रतिशत लगानी छ। नेपालमा राम्रो बजार देखेपछि भारतीय टायल उद्योगीहरू नेपालमा लगानी गर्न तम्सिएका हुन्।

नेपालमा टायल उत्पादन सुरु भएको धेरै भएको छैन। तीन वर्षअघिसम्म पनि नेपालमा शतप्रतिशत टायल आयात हुन्थ्यो। भारतदेखि इटालीसम्मका टायलले घर-अफिस टलक्क परेका छन्। तीन वर्षअघि नेपाल सेरामिक्सले जितपुर सिमराबाट 'नेपोभिट' ब्रान्डमा टायल उत्पादन थालेको थियो। दुई टायल व्यवसायीले दुई अर्ब रुपैयाँ लगानी गरेर नेपोभिट टायल उत्पादन थालेका हुन्। लगत्तै रौतहटको चपुरमा प्राइम सेरामिक्स टायल उद्योग खुल्यो।

अरिहन्त ग्रुपले तीन अर्ब लगानी गरेर सुनसरीको सोनापुरमा अक्टोबरदेखि निमाटो ब्रान्डमा टायल उत्पादन थालेको छ। लुम्बिनी सेरामिक्स प्रालिले बर्दियाको गुलरियामा चार अर्ब लगानी गरेर जिभिटी टायल उद्योग स्थापना गरेको छ। निमाटो, जिभिटी र जितपुर सिमरामा रहेको नेपोभिटमा शतप्रतिशत स्वदेशी लगानी छ। सिमरा सेजभित्र खुल्ने नेपोभिट टायलमा भने भारतीय र नेपाली संयुक्त लगानी हुनेछ।

नेपालमा टायलको उदाउँदो बजार देखेरै भारतीय लगानीका लागि आकर्षित भएको मुरारकाको भनाइ छ। अहिले स्वदेशी तथ विदेशी लगानीका भन्डै एक दर्जन उद्योग दर्ता भएका छन्। सबै उद्योग सञ्चालनमा आउँदा टायलमा आत्मनिर्भर हुने मात्र होइन, निर्यातसम्म गर्न सकिने अवसर छ। टायल उत्पादनका लागि चाहिने माटो स्वदेशमै पाइने हुनाले पनि तुलनात्मक लाभ बढी छ। नेपाली कच्चा पदार्थबाट उत्पादन हुने टायलको निकासी सम्भावना उच्च रहेको मुरारकाको भनाइ छ।

मुरारका र सोमानी ग्रुपको साझेदारीमा खुल्ने टायल उद्योगले सन् २०२५ भित्र उत्पादन थाल्ने बताइएको छ। १३ बिघा क्षेत्रफलमा स्थापना भइरहेको उद्योगबाट सुरुमा वार्षिक ३० लाख वर्गमिटर टायल उत्पादन लक्ष्य राखिएको छ। 'टायल बनाउने कच्चा पदार्थ ८० प्रतिशतसम्म स्वदेशमै उपलब्ध छ, आन्तरिक बजार र निकासीको पनि राम्रो सम्भावना छ,' मुरारकाले भने, 'हामीले दशकौंदेखि टायल उत्पादन गरेर प्रख्यात कमाएका टायल उद्योगसँग साझेदारी गरेका छौं, जसले बजारीकरणदेखि क्वालिटी कन्ट्रोलसम्म सहयोग पुग्नेछ।'

उनले थपे, 'यी उपभोक्ताको विश्वास आर्जन गरेका ब्रान्ड हुन्, स्थापित मार्केट हुनाले मार्केटिङमा सहज हुन्छ, नयाँ ब्रान्ड स्थापित गरेर निर्यात गर्नभन्दा स्थापित ब्रान्डमा टायल निर्यात गर्न सहज पनि हुन्छ।'

नेपालको रमेश कर्प र भारतको कजरिया सेरामिक्सको ५०-५० प्रतिशत लगानीमा नवलपरासीमा स्थापना भएको उद्योगको वार्षिक उत्पादन क्षमता साढे पाँच करोड वर्गमिटर रहेको छ। यस उद्योगमा करिब चार अर्ब रुपैयाँ लगानी हुने अनुमान छ। उद्योगबाट कजरिया ब्रान्डमै टायल बजारमा पठाइनेछ।

भारतीय साझेदारीमा बाराको सिमरा सेजमा पशुपति सेरामिक्स उद्योग सञ्चालनमा आएको छ। करिब डेढ अर्ब लगानी भएको उद्योगका उत्पादन बजारमा आइसकेका छन्। उद्योगका चारजना सेयरधनीमध्ये एकजना तुलसी साह रौनियार नेपाली लगानीकर्ता हुन्। भारतको गुजरातमा पाँच दशकभन्दा बढी समयदेखि टायल उत्पादनमा सक्रिय लगानीकर्ता साझेदार रहेको उनको भनाइ छ। सेजमा आठवटा प्लटमा फैलिएको यस उद्योगमा पनि स्वदेशी तथा विदेशी लगानी ५०-५० प्रतिशत रहेको बताइएको छ। नेपोभिट ब्रान्डको टायल बजारमा ल्याएका व्यवसायी शम्भुनाथ भा, मनोज रौनियारलगायतको समूहले दुई अर्ब लगानी गरेर सेजभित्र पनि उत्पादन गर्न लागेको हो। यो उद्योगमा २५ प्रतिशत हिस्सा भारतीय टायल कम्पनी एजियल ग्रुपको रहेको कम्पनीका अध्यक्ष शम्भुनाथ भाले बताए।

■ टायल उद्योगमा लगानीकर्ताको आकर्षण

टायल उद्योगमा स्वदेशी तथा विदेशी लगानी ओइरिएको छ। अक्टोबर २०२४ मा मात्रै अरिहन्त ग्रुपले सुनसरीको सोनापुरमा निमाटो ब्रान्डमा टायल उत्पादन सुरु गरेको छ। दैनिक १८ हजार वर्गमिटर टायल उत्पादन भइरहेको छ। भारतमा निर्यातका लागि गुणस्तर चिह्न लिने तयारीमा छ। उद्योगमा करिब तीन अर्ब रुपैयाँ लगानी भइसकेको छ।

लुम्बिनी सेरामिक्स प्रालिले बर्दियाको गुलरियामा चार अर्ब लगानी गरेर जिभिटी टायल उद्योग स्थापना गरेको छ। दैनिक १० हजार वर्गफिट उत्पादन क्षमता रहने उद्योग १२ बिघा क्षेत्रफलमा फैलिएको छ। यस उद्योगमा सुव्रत धितास, खेतान समूहलगायतको लगानी छ।

■ भारतीय साझेदारीका टायल उद्योग

टायल उद्योग	लगानी (रु.)	हिस्सा (स्वदेशी-विदेशी)
कजरिया टायल	४ अर्ब	५०/५० %
सोमानी टायल	२ अर्ब	७०/३० %
पशुपति टायल	१.५० अर्ब	५०/५० %
नेपोभिट टायल	२ अर्ब	७५/२५ %
कुल	९.५० अर्ब	

'साख मूल्यांकनलाई अवसरमा बदलौं'

नयाँ पत्रिका

नेपालले पहिलोपटक गरेको सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ)बाट प्राप्त गरेको नतिजालाई अवसरमा बदल्नुपर्ने सरोकारवालाले बताएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)को २८औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको सार्वभौम साख मूल्यांकनबाट पाएको नतिजा नेपालका लागि गौरवको विषय रहेको बताए। नेपाल दक्षिण एसियामा भारतपछि दोस्रो स्थानमा रहेको भन्दै उनले यो सम्भावनालाई नतिजामा बदल्नु आवश्यक रहेको बताए।

कार्यक्रममा योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले मुलुकको सार्वभौम साख मूल्यांकनले सकारात्मक बहस सिर्जना गरेको बताए। उनले अबको बहस सुधारमा केन्द्रित हुनुपर्ने बताए।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले समग्र आर्थिक अवस्थाको हिसाबले नेपाल दक्षिण एसियामा दोस्रो स्थानमा रहेको क्रेडिट रेटिङबाट देखिएको भए पनि चुनौती भने कायमै रहेको बताए। सार्वभौम साख मूल्यांकनको अहिलेको स्तर थप राम्रो बनाउन प्रयास गर्न जरुरी रहेको उनको भनाइ छ। मुलुकको आर्थिक र वित्तीय अवस्था विगतको भन्दा फरक नभएको कारण मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा कुनै प्रावधान संशोधन नभएको उनले बताए।

अर्थविद् डा. अच्युत वाग्लेले राजस्वका नयाँ स्रोत फेला नपरेको सन्दर्भ निकाल्दै यसले राज्यलाई कमजोर बनाइरहेको बताए। राजस्व उठ्ने ट्रेन्ड जिडिपीको २४-२५ प्रतिशतबाट घटेर १२-१३ प्रतिशतमा झरेको भन्दै हामी राजस्व नउठ्ने अवस्थामा किन पुग्यौं भन्दै प्रश्न गरे।



■ मनोबल उठाउन निजी क्षेत्रको सुझाव

कार्यक्रममा निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थाका नेतृत्वले अर्थतन्त्रका केही सूचक सकारात्मक रहे पनि निजी क्षेत्रको मनोबल उठ्न नसकेको भन्दै यसमा काम गर्न सरकारलाई सुझाव दिए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले राजनीतिक दललाई आर्थिक रूपमा एक स्थानमा ल्याउन सफल भएको बताए। उनले लगानी सम्मेलनका बेला कानुन परिवर्तनमा प्राप्त सफलता त्यसकै उपज भएको समेत बताए। निजी क्षेत्रका इस्यु, अडानहरू निजी क्षेत्रको फाइदाका लागि मात्र राख्छन्, सामाजिक रूपमा उत्तरदायी छैनन् भन्ने जुन मानसिकता थियो, त्यसले राजस्व संकलनमा असर गरेको उनको भनाइ छ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले आर्थिक सुस्तता अहिलेको समस्याका रूपमा रहेको बताए। सरकारले अर्थतन्त्र सुधार सुझाव आयोगमा निजी क्षेत्रको सहभागिता गराएकोमा उनले आभार व्यक्त गरे। कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले राम्रो बाह्य इन्डिकेटरमा रहेको भए पनि निजी क्षेत्र शिथिलतामा रहेको उल्लेख गरे। निर्माण, व्यापार क्षेत्र संकुचनमा रहेको, आयात-निर्यात घटेको भन्दै उनले विगतको पुरानो समस्याको बोझ मुख्य कारण रहेको बताए।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले अप्ट्यारो परिस्थितिबिच नेपालले पहिलोपटक राम्रो कन्ट्री रेटिङ पाएको बताए। पछिल्लो १० वर्षमा पहिलोपटक ब्याजदर ९ प्रतिशतभन्दा कम भएको सन्दर्भ निकाल्दै उनले आर्थिक गतिविधि विस्तारमा जोड दिए।

एनपिएल हेर्न एनसेलको प्याकेज

काठमाडौं/ एनसेलले नेपाल प्रिमियर लिग (एनपिएल)का खेललाई अझ रोमाञ्चक बनाउन सर्घै अन, डेटा र भ्वाइसमा तीनवटा आकर्षक एनपिएल फ्यान प्याक सार्वजनिक गरेको छ। प्याकअन्तर्गत ग्राहकले अनलिमिटेड युट्युब र अनलिमिटेड डेटाका साथ एनपिएलभरि अनलाइनमार्फत खेलको मज्जा लिन सक्नेछन्। सर्घै अन प्याकअन्तर्गत ग्राहकले ३९९ देखि १,४९९ रुपैयाँसम्मका कुनै पनि प्याकको खरिदमा युट्युबमा प्याक अवधिभर अनलिमिटेड पहुँच पाउनेछन्। साथै, अतिरिक्त डेटाबिनै एनपिएलका खेल अनलाइनमार्फत जुनसुकै वेला पनि हेर्न सकिने एनसेलले जनाएको छ।

त्यसैगरी, एनसेलले अनलिमिटेड डेटा अफर ल्याएको छ। ग्राहकले ५० रुपैयाँमा एक दिनको समयसीमा रहेको अनलिमिटेड डेटा प्याक लिन सक्छन् भने १२५ मा तीन दिन, १९९ मा सात दिन र ९९९ मा २८ दिन समयावधि रहेको अनलिमिटेड डेटा लिन सकिने बताइएको छ।

त्यसैगरी, भ्वाइस सेवामा पनि अनलिमिटेड प्याक ल्याएको छ। सात दिनका लागि १४९ र २८ दिनका लागि ४९९ रुपैयाँमा अनलिमिटेड भ्वाइस सेवा लिन सकिन्छ। अनलिमिटेड डेटा प्याकहरू र अनलिमिटेड भ्वाइस प्याकहरू किन्ने सबै ग्राहक एनपिएल खेलहरू मैदानमा नै हेर्नका लागि टिकट जित्न योग्य हुने एनसेलले जनाएको छ।


एनपिएलमा अम्पाएर पार्टनर बन्यो नेपाल-पे

काठमाडौं/ क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल प्रिमियर लिग (एनपिएल)को अफिसियल अम्पायर पार्टनरका रूपमा नेपाल-पे हुने गरी साझेदारी भएको छ। उक्त साझेदारीमा क्यानका सचिव पारस खड्का र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका छन्।

एनपिएलमा एनसिएचएलले नेपाली क्रिकेटलाई समर्थन गर्न नेपालपे क्युआरमार्फत एनपिएलमा औपचारिक रूपमा आबद्ध भएको छ।

ज्योति विकास बैंक र निओ मनी ट्रान्सफरबिच सम्झौता

काठमाडौं/ ज्योति विकास बैंक र निओ मनी ट्रान्सफरबिच सम्झौता भएको छ। ग्राहकलाई प्रभावकारी रेमिट्यान्स सुविधा प्रदान गर्न सम्झौता गरिएको बताइएको छ। यस सम्झौताअन्तर्गत विदेशबाट निओमार्फत पठाइएको रेमिट्यान्स



ग्राहकले ज्योति विकासका नेपालभरिकै विभिन्न शाखामार्फत सजिलै प्राप्त गर्न सक्नेछन्। यो सहकार्यले रेमिट्यान्समा निर्भर रहने व्यक्ति र परिवारलाई छिटो, सुरक्षित र सहज वित्तीय सेवा सुनिश्चित गर्ने बताइएको छ।

बैंकले आफ्ना ग्राहकको सहजताका लागि विभिन्न सहकार्यहरू गर्दै विविध सुविधा उपलब्ध गराउँदै आएको छ। बैंकले देशभरका एक सय २१ शाखा कार्यालय, तीन विस्तारित काउन्टर तथा ७५ वटा एटिएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ।

Gandaki Province Government
Ministry Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate

Urban Development and Building Office

Pokhara, Kaski

Notice for the Letter of Intent

Date of Publication: 30th November, 2024 (2081/08/16)

1. According to Sub Clauses 27(2) and 27(3) of the Public Procurement Act 2063, this is to notify all the bidders who had submitted their bids for the contract identification number as mentioned below, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has selected to award the contract.

SN	Name of Project	Contract ID	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. (Excluding P.S. and VAT)
1	Furnishing of multimedia hall and maintenance works, Western Region Campus	UDBOKASKI/ NCB/W/04/2081/82	S. And S Structural Fabrication Pvt Ltd, Pokhara-10 Pokhara Industrial Estate	3,306,758.00
2	Construction of Gaurishankar School Building, Hemja, Kaski.	UDBOKASKI/ NCB/W/05/2081/82	Hips Construction,Putali Bazzar,Syangja	2,332,261.65
3	Sindhu Pustakalaya Baspani And Sindhupustakalaya Indu Ma.Bi. Vyas06,AmreniTanahun, Shahari Sadak	UDBOKASKI/ NCB/W/06/2081/82	Shapkota Nirman Sewa, Tanahun	1,865,094.40
4	Sirsuwa Dhik To Mukhiyathar Churi To Shankar Pokhari Shahari Sadak,Falebas-04,Mudikuwa,Parbat.	UDBOKASKI/ NCB/W/07/2081/82	Manakamana Construction, Pokhara -17, Kaski	2,872,634.40

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १२६४ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा ।
२.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमशः १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
३.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमशः०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
४.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा ।
५.	रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा ।
६.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
७.	कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
८.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा ।
९.	सिरहा जिल्ला, सिंहग्राही मठिर्यावा गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं.१ स्थित कित्ता नं. ३१० को क्षेत्रफल ०-०-१२-० (विगाह) को जग्गा ।
१०.	महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०४ ख (हाल भंगाहा न.पा. वडा नं. ०७) स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
११.	सिरहा जिल्ला, हनुमान नगर गा.वि.स. वडा नं. २ (हाल धनगढीमाई न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ र ५४५ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-५-११-० (विगाह) को जग्गा ।
१२.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
१३.	काठमाण्डौ जिल्ला, कपन गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ४९ र ३२० को क्षेत्रफल क्रमशः ९६३.४० र १२० (व.मि) को घरजग्गा ।
१४.	काठमाण्डौ जिल्ला, थानकोट गा.वि.स. वडा नं. ४ (हाल चन्द्रागिरी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३२५ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
१५.	रुपन्देही जिल्ला, मानपकडी गा.वि.स. वडा नं. ३ (हाल सद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७ को क्षेत्रफल १३७५ (व.मि) को जग्गा ।
१६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा ।
१७.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
१८.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
१९.	रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८७को क्षेत्रफल १०१५.८९ (व.मि.)को जग्गा ।
२०.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-०-०-० (विगाह) को जग्गा।
२१.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा ।
२२.	सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ११९३ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा ।
२३.	भक्तपुर जिल्ला, ताथली गा.वि.स वडा नं.४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
२४.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १०३७ र ३३४७ को क्षेत्रफल क्रमशः ०-०-८.७५-० र ०-०-१०-० (विगाह) को घरजग्गा ।
२५.	भक्तपुर जिल्ला, कदुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमशः २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
२६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
२७.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोतमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
२८.	कास्की जिल्ला, निर्मलपोखरी गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. १७१० को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा ।
२९.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
३०.	रौतहट जिल्ला, चपुर गा.वि.स वडा नं. ५ स्थित कित्ता नं. ५४१३ को क्षेत्रफल ०-०-११-८ (विगाह) को जग्गा ।
३१.	रौतहट जिल्ला, रमौली गा.वि.स वडा नं. २/क स्थित कित्ता नं. १२४ को क्षेत्रफल १-६-०-० (विगाह) को जग्गा ।
३२.	रौतहट जिल्ला, चपुर गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. १२३७ को क्षेत्रफल ०-०-८-० (विगाह) को जग्गा ।
३३.	रौतहट जिल्ला, रमौली गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
३४.	रौतहट जिल्ला, रमौली वैरिया गा.वि.स. वडा नं. २ क (हाल वृन्दावन न.पा. वडा नं. १) स्थित कित्ता नं. २८८ को क्षेत्रफल ०-३-०-० (विगाहा) को जग्गा ।
३५.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
३६.	सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४८, ३२८, ३५४, ३६२, ३२९ र ११८ को क्षेत्रफल क्रमशः ०-२-७-०, ०-८-२-०, ०-६-५-०, ०-२-९-०, ०-८-२-० र ०-७-९-० (विगाह) को जग्गा ।
३७.	तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमशः १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा ।
३८.	सवारी मोडल: TATA STROME LX, च्यासिस नं. MAT617034FNJ06313, ईन्जिन नं. VARICOR06JUYJ12958, सवारी दर्ता नं. बा. १४ च ९३२७

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ क (हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १२३० को क्षेत्रफल ०-१०-९-० (विगाह) को घरजग्गा ।
२.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा ।
३.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८, ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा ।
४.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल बिर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं.४२९ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा ।
६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमशः ०-१५-२-०, २-८-०-० २०-१०-०-० (रोपनी) को जग्गा ।
७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमशः ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा ।
८.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २९५, १९५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमशः ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा ।
९.	चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४२०, ३२५७ र ३२६५ को क्षेत्रफल क्रमशः ८६७.५४, ८०९.७४, ७६१.२१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.२१, ७८९.७५ र ७८७.३५ (व.मी) को जग्गा ।
१०.	काठमाण्डौ जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. १७ स्थित कित्ता नं. १०९ को क्षेत्रफल ३९८.१० (व.मि) को घरजग्गा ।
११.	सुनसरी जिल्ला, पकली गा.वि.स. वडा नं. ९ ग स्थित कित्ता नं. ४२० को क्षेत्रफल ०-०-१५-० (विगाह) को जग्गा ।
१२.	झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ९ (हाल बिर्तामोड न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४८४, ४८५, ५१७, ३४५ र ३५७ को क्षेत्रफल क्रमशः ७८८.४३, १५२४.००, ३०६.५०, २४९२.०० र ३२७७.३७ (व.मि) को जग्गा ।



लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

लाहिरु चम्किँदा जनकपुरको विजयी सुरुवात

एकदिवसीय विश्वकपमा दोहोरो शतक बनाएका मार्टिन गप्टिल र लाहिरु मिलान्थाले पहिलो दिन अर्धशतक बनाउँदा नेपाली खेलाडीले दोहोरो अंकमा रन बनाउनै सकेनन्

रमेश सुवेदी/नयाँ पत्रिका

लाहिरु मिलान्था र हर्ष थाकरले शतकीय साझेदारी गरेपछि जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपिएल)मा विजयी सुरुवात गरेको छ । शनिबार कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको उद्घाटन खेलमा जनकपुर २७ बलअघि आठ विकेटले विजयी भयो । जितपछि टोलीले महत्त्वपूर्ण दुई अंक जोडको छ । टस हारेर पहिला ब्याटिङ गरेको विराटनगर किंग्सले १९ ओभरमा अलआउट हुँदै एक सय २८ रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा ब्याटिङ गरेको जनकपुरले १५.३ ओभरमा २ विकेट गुमाउँदै जित निकालेको हो । खेलमा दुई अर्धशतक बने । प्लेयर अफ दी म्याच जनकपुरका लाहिरु र विराटनगरका मार्टिन गप्टिलले अर्धशतक बनाएका हुन् । यस खेलमा नेपाली कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

पराजितपछि न्युजिल्यान्डका खेलाडी मार्टिनले टियू मैदानमा ब्याटिङका लागि सहज नभएको बताए । 'यो पिचमा खेल्न निकै गाह्रो छ । त्यसैले पनि हामीले योजनाअनुसार रन बनाउन सकेनौं,' पहिलोपटक नेपाल आएका गप्टिलले भने । उनले सन् २०१५ मा भएको एकदिवसीय विश्वकपमा वेस्ट इन्डिजविरुद्ध अविजित २३७ बनाएका थिए ।

जितपछि जनकपुरका कप्तान अनिलकुमार शाहले लाहिरु र हर्ष चम्किँदा जित निकाल्न सफल भएको बताए । 'लाहिरु र हर्ष चम्किएपछि हामीले जित निकाल्न सफल भयौं । साँच्चै यो मैदानमा रन बनाउन गाह्रो छ । आज बलरको दिन थियो ।'

■ एनपिएल २०२४



उद्घाटन खेलमा प्रतिस्पर्धा गर्दै विराटनगर र जनकपुरका खेलाडी । तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

एनपिएल विजेतालाई एक करोड ११ लाख

क्यानले एनपिएलको च्याम्पियनलाई एक करोड ११ लाख रुपैयाँ दिने भएको छ । समग्रमा पुरस्कार राशि दुई करोड ११ लाख हुनेछ । क्यान पुरस्कार राशि एक करोड दिने दोस्रो संघ बन्यो । यसअघि अखिल नेपाल फुटबल संघ (एन्फा)ले लिग विजेता टोलीलाई एक करोड दिएको थियो । २०७१/०७२ सालमा भएको राष्ट्रिय लिग विजेता श्री स्टार क्लबलाई कीर्तिमानी एक करोड पुरस्कार दिएको थियो । तत्कालीन अध्यक्ष गणेश थापाले दिएको पुरस्कार रकम एक दशकपछि तोडिएको छ । क्यानले दोस्रो हुने टोलीलाई ५० लाख, तेस्रोलाई ३० लाख र चौथो हुनेलाई २० लाख रुपैयाँ दिने जनाएको छ ।

● महत्त्वपूर्ण दुई अंक हात पऱ्यो



अनिलकुमार शाह, कप्तान, जनकपुरका

लाहिरु र हर्ष चम्किएपछि हामीले जित निकाल्न सफल भयौं । महत्त्वपूर्ण दुई अंक हात पारेको छ । हामी बाँकी खेल पनि जित्न चाहन्छौं । साँच्चै यो मैदानमा रन बनाउन गाह्रो छ । आज बलरको दिन थियो । यो प्रतियोगिता सफल बनाउन सबै क्षेत्रबाट समर्थन हुनुपर्छ ।

● सोचेजस्तो प्रदर्शन भएन



मार्टिन गप्टिल, खेलाडी, विराटनगर

टियूको पिचमा खेल्न निकै गाह्रो छ । त्यसैले पनि हामीले योजनाअनुसार रन बनाउन सकेनौं । पहिला ब्याटिङ गर्न निकै गाह्रो थियो । सोचेजस्तो प्रदर्शन पनि भएन । नेपाली समर्थकअघि रमाइलो गर्दै खेलें । माहोल निकै राम्रो लाग्यो ।

● १११६ रनको साझेदारी

जनकपुरको जितमा उत्तर अमेरिकी खेलाडीद्वय लाहिरु र हर्ष थाकरले शतकीय साझेदारी गरे । दुई खेलाडीले ८१ बलमा अविजित ११६ रन बनाएका हुन् । ओपनरद्वय मार्की आसिफ सेख र कप्तान अनिल १.६ ओभरमा १५ रन बनाउँदा आउट भएपछि लाहिरु र थाकरले जित निकालेका हुन् । ३० वर्षीय बायाँ हाते ब्याटर तथा विकेटकिपर लाहिरुले ५३ बलमा ९ चौका र ३ छक्कासहित सर्वाधिक ७५ रन बनाए । यसअघि श्रीलंकाको कोलम्बोमा जन्मिएर अमेरिकाको लागि खेलिरहेका लाहिरुले ३९ बलमा ६ चौका र दुई छक्कासहित अर्धशतक बनाएका थिए । उनी प्रतियोगितामा अर्धशतक बनाउने दोस्रो खेलाडी हुन् । तेस्रो नम्बर क्रिजमा आएका उनले ११.१ ओभरमा अर्धशतक बनाउँदा जनकपुरले दुई विकेट गुमाउँदै ८८ रन जोडेको थियो । २७ वर्षीय क्यानेडियन खेलाडी हर्षले ३३ बलमा दुई चौकासहित २९ रन बनाएका हुन् । दुई खेलाडीबिच शतकीय साझेदारी भएको थियो ।

● गप्टिलको अर्धशतक छायामा

विराटनगरका लागि न्युजिल्यान्डका ३९ वर्षीय अनुभवी ब्याटर मार्टिनले अर्धशतक बनाए पनि टोलीलाई जित दिलाउन सकेनन् । ओपनर गप्टिलले ४३ बलमा सात चौका र एक छक्कासहित सर्वाधिक ५५ रन बनाए । गप्टिल ३६ बलमा सात चौका र एक छक्कासहित एनपिएलमा अर्धशतक बनाउने पहिलो खेलाडी बनेका छन् । उनी हर्ष थाकरको बलमा कप्तान अनिलबाट क्याच-आउट हुन पुगेका थिए । ओपनर गप्टिलले अर्धशतक बनाउँदा विराटनगर १२.१ ओभरमा ८३-३ को अवस्थामा थियो । यसबाहेक अकिब इल्यासले १८ बलमा १५ रन बनाए । दुई खेलाडीबाहेक अन्यले दोहोरो अंकमा रन बनाउनै सकेनन् । ओपनर लोकश बमले ५, निकोलस किर्टनले ९, बसिर अहमदले ७, राजेश पुलामीमगरले १, प्रतिश जिसीले २ , कप्तान सन्दीप लामिछाने ७, क्रिस सोल ४, जितेन्द्र मुखिया गोल्डेन डकआउट भए ।

● ललितको नाममा पहिलो विकेट

नेपाल राष्ट्रिय टोलीका सदस्यसमेत रहेका जनकपुरका ललितनारायण राजवंशी एनपिएलमा पहिलो विकेट लिने खेलाडी बनेका छन् । उनले खेलमा सर्वाधिक तीन विकेट हात पारे । चार ओभरमा २८ रन खर्चिएका छन् । ललितले दोस्रो ओभरको पहिलो बलमा विराटनगरका लोकेश बमलाई बोल्ड गरेर यो उपलब्धि हासिल गरेका थिए । त्यस्तै, किशोर महतो र हर्ष थाकरले समान दुई विकेट तथा बेन माइक र मोहमद मोहसिनले समान एक विकेट लिएका थिए । यसअघि प्रतियोगिताको उद्घाटन युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिव टंकलाल घिसिङसहित क्यानका पदाधिकारीले गरेका थिए । उद्घाटन सत्रअघि कर्णाली याक्समा अनुबन्ध भएका भारतीय चर्चित खेलाडी शिखर धवनले मैदान परिक्रमा गर्दै नेपाली समर्थकको अभिवादन स्वीकार गरेका थिए ।

भद्रगोल व्यवस्थापन, भिडमा च्यापिएर सात घाइते

आयोजक क्यान व्यवस्थापनमा चुकेपछि उद्घाटन खेल भद्रगोलमय भयो । खेलको पहिलो इनिङ्समा पूर्वीतर्फको गेट नै भत्काएर दर्शक खेल हेर्न प्रवेश गरेका थिए । केही दर्शक भिडमा च्यापिए । त्यसपछि नेपाल प्रहरीले लाठीचार्ज गर्दा भागदौडमा परेर सातजना घाइते भएका छन् । सातजनामध्ये दुईजना सुरक्षामा खटिएका प्रहरी रहेको नेपाल प्रहरीले जनाएको छ । दुई प्रहरीमध्ये एकजना सिकिस्त भएका छन् । घाइते प्रहरी जवान अजय तामाङको अवस्था गम्भीर छ ।

क्यानले एक दिनअघि नै सामान्यतर्फ १० हजार र भिआइपीतर्फ एक हजार टिकट अनलाइन बिक्री भएको बताएको थियो । तर, उद्घाटन खेलमा दर्शक संख्या बढेपछि क्यान व्यवस्थापनमा कमजोर देखियो । दर्शकले आधिकारिक विक्रेता खल्तीले मैदानबाटै अनधिकृत रूपमा टिकट बेच्दा समर्थकको चाप बढेको आरोप लगाएका छन् । उनीहरूले क्यान र पदाधिकारीविरुद्ध नारीबाजी गरेका थिए । उद्घाटन खेल दिउँसो १२:१५ मा भए पनि दर्शक भने ९ बजे नै त्रिवि परिसरमा पुगेका थिए । केहीले भने टिकट काटेर पनि खेल हेर्न नपाएको आरोप लगाएका छन् । यसपछि क्यानले टिकटको शुल्क फिर्ता गर्ने बताएको छ ।

खेल संक्षेप

नेपाललाई नौ पदक

काठमाडौं/ नेपालले सिंगापुरमा भएको १६औं एसियन प्यासिफिक सितोरियो कराँते प्रतियोगितामा २ स्वर्ण, २ रजत र ५ कांस्य पदक गरी कुल ९ पदक जितेको छ । नेपालका लागि सिनियर महिलातर्फ ६८ किलो तौलभन्दा माथि समूहमा १९औं एसियन गेम्सकी रजत पदक विजेता एरिका गुरुङले नेपाललाई स्वर्ण पदक दिलाइन् । त्यसैगरी, महिलातर्फकै ५० किलो तौल समूहमा अञ्जली महर्जनले नेपाललाई स्वर्ण पदक दिलाएकी हुन् । एलिसा रासकोटी मगर, टपी थापा र मेघा लिम्बूले महिलातर्फको टिमकाता र निरुपा दोङ तामाङले सिनियर महिलाको ५५ किलो तौल समूहमा रजत पदक दिलाउन सफल भइन् । त्यसैगरी, सिनियर महिला एकल कातामा एलिसा रासकोटी मगर, महिला जुनियरतर्फ ४५ किलो तौल समूहमा पोरसिया चौधरी, महिलाकै ६८ किलो तौल समूहमा आसिका राई, पुरुषतर्फको १६ वर्षमुनि एकल कातामा रेहान जाबेद र सिनियर पुरुषतर्फ ८४ किलो तौल समूहमा मोहम्मद सेखु आलमले नेपाललाई कांस्य पदक दिलाए । प्रतियोगितामा नेपाल सितोरियो कराँते संघका अध्यक्ष दावा गुरुङ हेड अफ डेलिगेटसको रूपमा पुगेका थिए । त्यस्तै, नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामा पनि पुगेका थिए । टोलीमा १२ खेलाडी, टिम म्यानेजर, रेफ्री, अफिसियल गरी कुल ३० जना सहभागी थिए । खेलाडीबाट संघले सुरुमै आधा खर्च उठाएको थियो ।

सुदूरपश्चिमसँग आइएमई जोडियो

काठमाडौं/ नेपाल प्रिमियर लिग (एनपिएल) टोली सुदूरपश्चिम रोयल्स र ग्लोबल आइएमई बैंकबिच मुख्य प्रायोजन सम्झौता भएको छ । काठमाडौंमा भएको एक कार्यक्रममाभ सुदूरपश्चिमको तर्फबाट मालिक स्वतन्त्र प्रताप शाह र बैंकको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले सम्झौतामा हस्ताक्षर गरेका थिए । पोखरेलले सुदूरपश्चिमसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गरे । 'हामीले नेपाली क्रिकेटको समग्र विकासका लागि सुदूरपश्चिम रोयल्सलाई साथ दिएका हौं । हामीले खेलकुदलाई अझ उचाइमा पुऱ्याउन आफ्नो दायित्व बुझेर अघि सरेका हौं ।'

गनन्जय र वियंकालाई उपाधि

काठमाडौं/ गनन्जय दाहाल र वियंका राईले चौथो अल नेपाल अन्तरवडा टेबुलटेनिस प्रतियोगिताको खुला एकलतर्फको उपाधि शनिबार जितेका छन् । बेलकोटगढी ८, नुवाकोटका गनन्जय पुरुष तथा संखुवासभा- ८ की वियंका महिलामा पहिलो भएका हुन् । लैनचौरस्थित राष्ट्रिय टेबुलटेनिस प्रशिक्षण केन्द्रमा भएको पुरुष फाइनलमा गनन्जयले ललितपुर १६ का संयोग कपालीलाई ११-८, ८-११, १२-१० र १२-१० को सेटमा पराजित गरे ।

शैलेन्द्र र सिन्दिरा च्याम्पियन

काठमाडौं/ शैलेन्द्र न्यौपाने र सिन्दिरा जोशीले तेस्रो राष्ट्रव्यापी च्यापिड रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि जितेका छन् । एक हजार नौ सय रेटिङमुनि सम्पन्न खेलमा चर्चित खेलाडीको उपस्थिति रहेको थियो । शैलेन्द्रले अपराजित रहँदै प्रथम स्थान हासिल गरेका हुन् । कमल श्रेष्ठ दोस्रो र सुमन लामा तेस्रो भए । यसैगरी, नेपाल महिला च्याम्पियन १६५१ रेटेड काठमाडौं की सिन्दिरा जोशीले ४.५ अंक जोडेर महिलातर्फ च्याम्पियन बनेकी छिन् । झापाकी पुनम प्रसाईं दोस्रो र शान्ति धिमाल तेस्रो भए ।

विश्वराम र अस्मिता च्याम्पियन

नयाँ पत्रिका

विश्वराम कुँवर र अस्मिता भुजेल वैकुण्ठ मानन्धर अन्तरविद्यालय पाँच किलोमिटर दौड प्रतियोगितामा शनिबार च्याम्पियन भएका छन् । प्लस टुको छात्रमा चाणक्य कलेजका विश्वराम तथा छात्रामा लालीगुराँस नेसनल एकेडेमीकी अस्मिता पहिलो भएका हुन् । विश्वरामले निर्धारित दूरी १८ मिनेटमा पूरा गरे । नव प्रभातका तयाहाङ राई दोस्रो तथा त्रिवेणी पब्लिकका अमृत विश्वकर्मा तेस्रो भएका छन् । अस्मिताले दूरी तय गर्न २१ मिनेट ३२.७ सेकेन्ड समय खर्चिएकी थिइन् । लालीगुराँसकै भगवती खड्का दोस्रो तथा एभरेस्टकी स्वस्तिका तिरुवा तेस्रो भएका छन् ।



■ हस्त र शर्मिला पहिलो

दक्षिण एसियाली खेलकुद (साग)का कीर्तिमानी धावक वैकुण्ठ मानन्धरको नाममा स्थापना गरिएको वैकुण्ठ मानन्धर खेलकुद नेपालद्वारा आयोजित प्रतियोगिताको कक्षा ८ देखि १० सम्मको छात्रमा ब्राइट होराइजनका हस्त सुनार १८ मिनेट १७.२ सेकेन्ड समयसाथ शीर्ष स्थानमा रहे । सरस्वतीका नमराज बानियाँ दोस्रो तथा महेन्द्र ग्रामका सन्तोष कार्की तेस्रो भए । छात्रामा लालीगुराँसकी शर्मिला विकले स्वर्ण जितिन् । शर्मिलाले २३ मिनेट ०२.३ सेकेन्ड समय लगाइन् । श्रीकृष्णकी प्रमिशा कार्की दोस्रो तथा श्रीकृष्णकै अस्मिता गोले तेस्रो स्थानमा रहे । भेट्टान पुरुष ६५ वर्षमाथि रामकृष्ण महर्जनले स्वर्ण, पुष्पलाल श्रेष्ठले रजत र कुमुदराज श्रेष्ठले कांस्य जिते । पुरुष ५६ देखि ६५ वर्षमा महर्जनत्रय देव, विक्रम र रामभक्त क्रमशः शीर्ष तीन स्थानमा रहे । ४५ देखि ५५ वर्षमा भीमबहादुर गुरुङ प्रथम, राजु भण्डारी द्वितीय र रामचन्द्र श्रेष्ठ तृतीय भए । भेट्टान महिलामा कृष्णेश्वरी सिन्तकला पहिलो, शर्मिला बस्नेत दोस्रो र कल्पना महर्जन तेस्रो बने ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ, मदन भण्डारी स्पोर्टस् एकेडमीका अध्यक्ष ध्रुव आचार्य, आयोजक संस्थाका अध्यक्ष वैकुण्ठ मानन्धरलगायत पुरस्कृत गरे । विभिन्न १० स्पर्धा समावेश दौडमा करिब ६ सय ५० प्रतिस्पर्धी सहभागी थिए । दौड त्रिपुरेश्वरस्थित दशरथ रंगशालाबाट सुरु भई दशरथ रंगशालामै आएर टुंगिएको थियो ।

भ्याली पब्लिकको तीन टोली सेमिफाइनलमा

काठमाडौं/ आयोजक भ्याली पब्लिकको तीन टोली १८औं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा शनिबार सेमिफाइनलमा प्रवेश गरेका छन् ।

पुरुषतर्फ भ्याली पब्लिकले जिनियस वर्ल्डलाई ४५-२९, टिआइएले किङडमलाई ६३-४७, गोल्डेनपिकले गेटवेलाई ६४-५५ र ग्रिनल्यान्डले एलआरआईलाई ५८-२३ ले पराजित गरी सेमिफाइनलमा पुगे ।

भ्याली पब्लिकका सुनील पौडेलले २०, टिआइएका कृष ओलीले १९, गोल्डेनपिकका विजय तामाङले २५ र ग्रिनल्यान्डका प्रवीण गुरुङले १७ अंक जोडे । युथतर्फ भ्याली पब्लिकले हिमरश्मिलाई ३८-१९, त्रिज्योतिले ग्रिनल्यान्डलाई ३१-१८, एन्ज ल्स हार्टले सत्यसाईलाई ३५-२९ र गोल्डेनपिकले किङडमलाई ३९-२८ ले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

भ्याली पब्लिकका अशोक विश्वकर्माले २२, त्रिज्योतिका फिन्जु शेर्पाले १२, एन्जल्स हार्टका रूपेश पौडेलले २१ र गोल्डेनपिकका अनमोल राईले १२ स्कोर गरे । महिलातर्फ टिआइएले भ्याली पब्लिक 'बी'लाई २१-१६ तथा एलआरआईले हिमरश्मिलाई ९-७ ले पन्छ्याउँदै सेमिफाइनलमा स्थान बनाए । टिआइएकी अर्जिला शाहीले ९ तथा एलआरआइकी रिदम भुजेलले ३ अंक बटुले । भ्याली पब्लिक 'ए'सँगै ग्रिनल्यान्डले पनि यसअघि नै सेमिफाइनलमा स्थान पक्का गरिसकेको छ ।

डोमालाल राजवंशी रंगशालामा झापा कप हुने

झापामा चिरञ्जीवी घिमिरे

लगातार छैटौंपटक झापा गोल्डकप आयोजना भएको डोमालाल राजवंशी रंगशालामा अब पहिलो झापा कप फुटबल प्रतियोगिता हुँदै छ । झापा गोल्डकपका संस्थापक अध्यक्ष तथा सहिद स्मारक 'बी' डिभिजन लिग झापा फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङको पहलमा २ ९ मंसिरबाट झापा कप हुन लागेको हो ।

६ पुससम्म चल्ने झापा कपमा मोफसलका चर्चित र भारतका दुई वा तीन टिम गरी दशवटा क्लबले सहभागिता जनाउनेछन् । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन् । डोमालाल रंगशालामा हुँदै आएको झापा गोल्डकपको सातौं संस्करण काँकडभिट्टामा हुनेछ । स्थानीय खेलाडीले झापा गोल्डकपमा अवसर कम पाउने भएपछि झापा कप गर्न लागिएको गुरुङले जानकारी दिएका छन् ।

'झापा गोल्डकप आयोजना हुँदा घरेलु टोली झापा ११ नै हुनेछ । यस वर्ष झापा गोल्डकप नहुने भएपछि हामीले झापा कप गर्न लागेका हौं,' गुरुङले भने, 'हामी क्लब चलाउने व्यक्ति हौं, प्रतियोगिता निरन्तर होस् भन्ने पक्षमा छौं ।' उनले खेलाडी आबद्ध गरी नियमित तलब दिन नसकिने बताए । 'बी डिभिजन लिग खेल्ने खेलाडीले झापा गोल्डकप खेल्न पाएनन् भने लगानी गरेको प्रतिफल आउँदैन, त्यसैले झापा कपको अवधारणा अगाडि आएको हो,' गुरुङले भने, 'यसलाई निरन्तरता दिनेछौं ।'



■ नौ वर्षअघि सुरु झापा गोल्डकप

०७१ भदौमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गरेको एन्फा कपबाट झापा ११ फुटबल क्लब उदाएको थियो । त्यसवेला 'ए' डिभिजन क्लबविरुद्ध सनसनीपूर्ण जित निकाल्दै झापा ११ एन्फा कप च्यम्पियन बन्यो । एन्फा कपको सफलताले झापा गोल्डकपको योजना बन्यो र एक वर्षपछि प्रतियोगिता नै भयो । छैटौं संस्करणसम्म झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा भयो । मोफसलको नाम चलेका गोल्डकपमध्ये झापा गोल्डकप एक थियो । झापा गोल्डकपले डोमालाल राजवंशी रंगशालाको नामसमेत चर्चामा ल्याएको थियो ।

०७२ मा झापा ११ फुटबल क्लबका अध्यक्ष गुरुङको नेतृत्वमै झापा गोल्डकप भएको थियो । अहिले क्लबमा आन्तरिक द्वन्द्व उस्तै चुलिएको छ । झापा गोल्डकप आयोजनाको अध्यक्षमा गुरुङपछि होम पाण्डे, महेन्द्र गिरी र विनोद बस्नेत भएका छन् । हरेक दुई वर्षमा कार्यकाल परिवर्तन हुने भनिए पनि पाँच वर्षदेखि नेतृत्व हस्तान्तरण भएको छैन ।


'गोल्डकपको उद्देश्यमा झापा ११ फुटबल क्लबको स्तरोन्नति गर्ने उल्लेख छ । तर, उहाँहरूले बाटो बिराउनुभयो,' झापा ११ का अध्यक्ष गुरुङले भने, 'उद्देश्यअनुसार काम हुन सकेन । झापा ११ फुटबल क्लबका लागि उहाँहरूले केही गर्न सक्नुभएन ।'

नेपाल नेत्रहीन टी-२० विश्वकपको सेमिफाइनलमा



काठमाडौं/ नेपाल नेत्रहीन टि २० क्रिकेट विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ । पाकिस्तानमा जारी रहेको प्रतियोगिताको चौथो स्थानमा रहँदै नेपाल अन्तिम चारमा प्रवेश गरेको छ ।

प्रतियोगितामा ६ टोलीको सहभागीता छ । सन् २०१२ देखि विश्व कपमा सहभागी हुँदै आएको नेपाल पहिलो पटक सेमिफाइनल पुग्न सफल भएको हो । अब, नेपालले आइतबार हुने सेमिफाइनलमा लिग चरणमा शीर्ष स्थानमा रहेको घरेलु टोली पाकिस्तानको सामना गर्दै छ । आइतबार नै हुने अर्को सेमिफाइनलमा बंगलादेश र श्रीलंका खेल्दै छन् । पाकिस्तानको टोलीले नेपाललाई लिग चरणको खेलमा १० विकेटको फराकिलो अन्तरले पराजित गरेको थियो । लिग चरणमा श्रीलंका, बंगलादेश र पाकिस्तानसँग पराजित नेपालले दक्षिण अफ्रिका र अफगानिस्तानलाई हराएको हो । नेपालसँग पराजित दक्षिण अफ्रिका र अफगानिस्तान लिग चरणबाटै बाहिरिएका छन् । लिग चरणमा पहिलो चौथो टिम तथा दोस्रो र तेस्रोबिच सेमिफाइनल खेल हुनेछ ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com